# लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन विनियमावली, २०६२

(संशोधन सहित)

तथा

# लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन कार्यविधि, २०६९


नेपाल सरकार
उद्योग मन्त्रालय
**घरेलु तथा साना उद्योग विभाग**
त्रिपुरेश्वर, काठमाडौं

पहिलो पटक ७०० प्रति
२०७० बैशाख

प्रकाशक
नेपाल सरकार
उद्योग मन्त्रालय
घरेलु तथा साना उद्योग विभाग
त्रिपुरेश्वर,काठमाडौं
फो.नं. ०१ ४२५९८४२
०१ ४२५९८४६
०१ ४२५९८७५
फयाक्स नं.०१ ४२५९७४७
इमेल : dcsi@dcsi.gov.np
वेभसाइटः WWW.dcsi.gov.np

मुद्रक
पुर्ण प्रिन्टगं प्रेस

# लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन विनियमावली, २०६२

## (संशोधन सहित मिलाइएको)

## विषय सूची


| क्र. स. | शीर्षक | पेज |
| --- | --- | --- |
| | प्रस्तावना | १ |
| | पृष्ठभूमि | १ |
| १ | संक्षिप्त नाम र प्रारम्भ | १ |
| २ | परिभाषा | १ |
| ३ | लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन तथा व्यवस्थापन समितिको गठन | १ |
| ४ | समितिको काम,कर्तव्य र अधिकार | २ |
| ५ | ऋण लगानी तथा शर्तहरु | २ |
| ६ | कोषको स्थापना र खर्च | २ |
| ७ | समितिको वैठक सम्बन्धी कार्यविधि | ३ |
| ८ | कोषको रकमको प्रयोग | ३ |
| ९ | कोषको रकम उपलव्ध गराउने प्रक्रिया | ५ |
| १० | अनुगमन तथा मूल्याङ्कंन | ५ |
| ११ | समितिको सचिवालय र कर्मचारी सम्बन्धी व्यवस्था | ६ |
| १२ | लेखा र लेखा परीक्षण | ६ |
| १३ | उपसमिति गठन गर्न सक्ने | ६ |
| १४ | अधिकार प्रत्यायोजन | ६ |
| १५ | कार्यविधि बनाई लागू गर्ने | ७ |
| १६ | रूपान्तरण | ७ |

# लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन

# कार्यविधि, २०६९

## विषय सूची


| क. स. | शीर्षक | पेज |
|---|---|---|
| | पृष्ठभूमि | ८ |
| | **परिच्छेद – एक** | |
| | **प्रारम्भिक** | ८-१० |
| | संक्षिप्त नाम र प्रारम्भ | |
| २. | परिभाषा | |
| | **परिच्छेद – दुई** | १०-१३ |
| | **कोषको पृष्ठभूमि, उद्देश्य र कार्यक्षेत्र** | |
| २.१ | पृष्ठिभूमि | |
| २.२ | दूरदृष्टि | |
| २.३ | परिलक्ष्य | |
| २.४ | उद्देश्य | |
| २.५ | रणनीति | |
| २.६ | कार्यनीति | |
| २.७ | कार्यक्षेत्र | |
| | क) प्रविधि विकास | |
| | ख) उद्यमशीलता तथा औद्योगिक सीप विकास | |
| | ग) बजार पहुँच सहजीकरण र सञ्जाल विकास | |
| | घ) औद्योगिक पूर्वाधार विकास | |
| | ङ) औद्योगिक अध्ययन र अनुसन्धान तथा सञ्जाल विकास | |
| २.८ | ऋण कार्यक्रम | |
| २.९ | बौद्धिक सम्पत्ति सचेतना र प्रयोग | |
| | **परिच्छेद – तीन** | १३-१६ |
| | **कोषको सञ्चालन तथा व्यवस्थापन** | |
| ३.१ | कोषको सञ्चालन तथा व्यवस्थापन | |
| ३.२ | प्रस्ताव उपसमिति | |
| ३.३ | कोषको सचिवालय | |
| ३.४ | कोषमार्फत सञ्चालन हुने कार्यक्रमहरुको प्राथमिकता | |
| | क) प्रविधि विकास | |
| | ख) उद्यमशीलता तथा औद्योगिक सीप विकास | |

| | | |
|---|---|---|
| | ग) बजार पहुँचमा सहजीकरण र संयन्त्र निर्माण | |
| | घ) औद्योगिक पूर्वाधारको विकास | |
| | ङ) औद्योगिक अध्ययन, अनुसन्धान तथा सञ्जाल विकास | |
| | च) विशेष कार्यक्रम | |
| | छ) अनुगमन र मूल्याङ्कन | |
| | ज) ऋण कार्यक्रम | |
| | झ) बौद्धिक सम्पति उपयोग र क्षमता विकास सचेतना | |
| | ञ) कोषको सचिवालयको प्रशासनिक व्यवस्थापन | |
| ३.५ | कोष सञ्चालन | |
| | **परिच्छेद – चार** | १६-१८ |
| | **परियोजना छनौट, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन** | |
| ४.१ | प्रस्ताव आह्वान | |
| ४.२ | प्रस्ताव पेश गर्ने | |
| ४.३ | प्रस्ताव स्वीकृतिका लागि सिफारिस गर्ने | |
| ४.४ | प्रस्तावको स्वीकृति | |
| ४.५ | परियोजनाको खर्च सीमा | |
| ४.६ | परियोजना कार्यान्वयन सम्बन्धी सम्झौता | |
| ४.७ | कार्यक्रम सञ्चालनको स्वीकृति | |
| ४.८ | छाता संस्थाहरुको अनुगमन | |
| | **परिच्छेद – पाँच** | १८-१९ |
| | **परियोजना सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन** | |
| ५.१ | कार्यक्रमको सुपरीवेक्षण | |
| ५.२ | कार्यक्रमको अनुगमन र मूल्याङ्कन | |
| ५.३ | कार्यक्रमको प्रतिवेदन | |
| ५.४ | विभिन्न स्रोतबाट प्राप्त रकम कोषमा जम्मा हुने | |
| ५.५ | वार्षिक कार्यतालिका | |
| ५.६ | लेखापरीक्षण | |
| | **परिच्छेद – छ** | १९ |
| | **विविध** | |
| ६.१ | कार्यविधिमा संशोधन | |
| ६.२ | खारेजी र बचाउ | |
| | **अनुसूचीहरु** | |
| अनुसूची – १ | परियोजना प्रस्ताव आह्वानको सूचना | २०-२१ |
| अनुसूची – २ | परियोजना प्रस्तावको ढाँचा | २२-२४ |
| अनुसूची – ३ | कार्यक्रम स्वीकृतिका आधार र प्रस्ताव छनौटका लागि अंकभार | २५-२७ |
| अनुसूची – ४ | कोष सञ्चालनका लागि खर्चका सीमा | २८-२९ |
| अनुसूची – ५ | परियोजना सुपरीवेक्षण फाराम | ३० -३२ |
| अनुसूची – ६ | परियोजना मूल्याङ्कन फाराम (सञ्चालन पद्धति) | ३३-३४ |

| | | |
|---|---|---|
| अनुसूची – ७ | परियोजना मूल्याङ्कन फाराम (कार्य सम्पादन) | ३५-३६ |
| अनुसूची – ८ | परियोजना प्रतिवेदन | ३७-३८ |

# लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन विनियमावली, २०६२

**संशोधन मिति**
**नेपाल सरकार बाट पहिलो संशोधन,**
**मिति २०६९।११।१०**

***पृष्ठभूमि** – विश्व व्यापार सङ्गठनमा नेपालको प्रवेशसँगै लघु, घरेलु तथा साना उद्योग व्यवसायका क्षेत्रमा नयाँ अवसर र चुनौतीहरू पनि सिर्जना भएका सन्दर्भमा लघु, घरेलु तथा साना उद्योग व्यवसायीहरूलाई प्रविधि सेवा, क्षमता विकास, बजार पहुँच र अन्य पूर्वाधारहरुमा संस्थागत टेवा पुऱ्याउन ✂..... लघु, घरेलु तथा साना उद्योगका क्षेत्रमा संलग्न निजी क्षेत्रका छाता संगठनहरुसँगको समन्वयमा लघु, घरेलु तथा साना उद्योगको प्रविधि सेवा, क्षमता विकास, बजार पहुँच तथा अन्य पूर्वाधारहरुमा संस्थागत टेवा पुऱ्याउने किसिमका कार्यक्रमहरु संचालन गर्ने सम्बन्धी कार्यविधि निर्धारण गर्न *आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११४ वमोजिम देहायको विनियमावली बनाएको छ ।

१ **संक्षिप्त नाम र प्रारम्भ:** (१) *यस विनियमालीको नाम "लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन विनियमाली, २०६२" रहेको छ ।

(२) यो विनियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२ **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विनियमावलीमा;

(क) "कोष" भन्नाले नेपाल सरकारको निर्णय अनुसार स्थापना भएको "लघु, घरेलु तथा साना उद्योग विकास कोष" सम्झनु पर्दछ ।

°(क१)"तोकिएको" वा "तोकिए वमोजिम" भन्नाले यस विनियमावली वमोजिम बनेको कार्यविधिमा तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्दछ ।

°(क२) "विभाग" भन्नाले "घरेलु तथा साना उद्योग विभाग" सम्झनु पर्दछ ।"

°(क३) "मन्त्रालय" भन्नाले "उद्योग मन्त्रालय" सम्झनु पर्दछ ।

(ख) "समिति" भन्नाले कोषको संचालनको लागि गठन हुने लघु, घरेलु तथा साना उद्योग कोष सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्दछ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्दछ र सो शब्दले समितिको अध्यक्ष तथा सदस्य सचिवलाई समेत जनाउने छ ।

३ **लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन तथा व्यवस्थापन समितिको गठन** : कोषको सञ्चालन तथा व्यवस्थापनका निमित्त देहाय वमोजिमको एक समिति रहने छः-

(क) सचिव, उद्योग ✂.....मन्त्रालय — अध्यक्ष

---

✂ पहिलो संशोधनद्वारा झिकिएको

° पहिलो संशोधनद्वारा थप

*पहिलो संशोधनद्वारा संशोधित

(ख) सहसचिव, राष्ट्रिय योजना आयोगको सचिवालय सदस्य
(ग) सहसचिव, अर्थ मन्त्रालय सदस्य
(घ) सहसचिव, उद्योग ✂.....मन्त्रालय सदस्य
(ङ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ सदस्य
(च) अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ सदस्य
(छ) महानिर्देशक, घरेलु तथा साना उद्योग विभाग सदस्य सचिव

• समितिको बैठकमा घरेलु तथा साना उद्योग विकास समितिका कार्यकारी निर्देशकलाई आमन्त्रित सदस्यका रूपमा सहभागी गराइनेछ ।

४ **समितिको काम, कर्तव्य र अधिकार** : कोषको सञ्चालन गर्ने सम्बन्धमा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) लघु, घरेलु तथा साना उद्योगको प्रविधि सेवा, क्षमता विकास, बजार पहुँच तथा अन्य पूर्वाधारहरुमा संस्थागत टेवा पुग्ने र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि हुने कार्यक्रममा सहयोग पुऱ्याउने,

(ख) लघु, घरेलु तथा साना उद्योगसँग सम्वन्धित छाता संगठनहरुद्वारा समितिमा प्रस्तुत प्रबर्द्धनात्मक कार्यक्रमको प्रस्ताव स्वीकृत गर्ने र कार्यक्रमको प्रकृति हेरी अनुदानबाट कार्यक्रम कार्यान्वयन गर्न रकम निकासा दिने,

(ग) नेपाल सरकारद्वारा यस कोषमा विनियोजित रकम र अन्य श्रोतबाट समय समयमा समितिलाई उपलव्ध हुने रकम लघु, घरेलु तथा साना उद्योग विकास कोषको नाममा जम्मा गर्ने,

(घ) एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी बचेको रकम अर्को आर्थिक बर्षमा फ्रिज नहुने र सो रकम कार्यक्रम बनाई खर्च गर्ने,

(ङ) कोषद्वारा सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(च) कोषबाट खर्च भएको रकम नेपाल सरकारको स्वीकृत लेखा प्रणाली बमोजिम राख्ने र महालेखा परीक्षकको विभागबाट लेखापरीक्षण गराउने,

•(च१) लघु, घरेलु तथा साना उद्योगको विकासमा सहयोग पुऱ्याउने संघ, संस्थाहरुलाई समितिले तोकेको शर्तमा ऋण सहायता उपलव्ध गराउने ।

•(छ) लघु, घरेलु तथा साना उद्योगको विकास र त्यससँग सम्बन्धित अन्य कार्यहरु गर्ने,

•(ज) समितिले उपलव्ध गराएको खण्ड (च १) वमोजिम को ऋण सहायता सम्बन्धित संघ संस्थाले तोकेको समयभित्र नतिरेमा सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

•४क. **ऋण लगानी तथा शर्तहरु** : विनियम ४ वमोजिम ऋण लगानी तथा असुलीको कार्यविधि तथा व्याजको प्रतिशत लघु, घरेलु तथा साना उद्योग कर्जा व्यवस्थापन निर्देशिका, २०६३ वमोजिम हुनेछ ।

**५ कोषको स्थापना र खर्च** :१) " लघु, घरेलु तथा साना उद्योग विकास कोष " नामको एक छुट्टै कोष रहनेछ । कोषको नाममा जुनसुकै स्रोतबाट प्राप्त हुने रकम सोही कोषमा जम्मा गरिने छ ।

२) कोषको रकम नेपाल राष्ट्र बैंकमा खाता खोली जम्मा गरिने छ ।

---

✂ पहिलो संशोधनद्वारा झिकिएको
• पहिलो संशोधनद्वारा थप
• पहिलो संशोधनद्वारा थप
*पहिलो संशोधनद्वारा संशोधित

३) कोषको कार्यक्रम कार्यान्वयन गर्न तथा समितिको सञ्चालनका लागि गरिने सबै प्रकारका खर्च कोषबाट व्यहोरिनेछ , तर समितिको सञ्चालन खर्च कार्यक्रम कार्यान्वयन खर्चको ५ प्रतिशत भन्दा बढी हुने छैन ।

४) कोषको खाताको सञ्चालन सदस्य सचिव वा निजले तोकेको समितिको सचिवालयको अन्य कुनै अधिकृत कर्मचारी र अध्यक्षले तोकेको समितिको सचिवालयको अर्को एक कर्मचारीको संयुक्त दस्तखतबाट गरिनेछ ।

६ **समितिको वैठक सम्बन्धी कार्यविधि** : १) समितिको वैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा साधारणतया दुई महिनामा एकपटक बस्ने छ ।

२) समितिको वैठकमा आवश्यकता अनुसार सम्बन्धित विशेषज्ञ, कुनै संस्थाका पदाधिकारी वा प्रतिनिधि वा सम्बन्धित अधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

३) समितिको कुल सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

*****४) सदस्यहरु तथा आमन्त्रितहरुले समितिको वैठकमा भाग लिए वापत प्रति वैठक भत्ता तोकिए वमोजिम पाउनेछन् ।

५) समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्नेछ ।

७ **कोषको रकमको प्रयोग** : कोषको रकमको प्रयोग देहायका कार्यहरुका लागि गरिनेछः-

१) प्रविधि विकास सम्बन्धी कार्यहरु :

क) लघु, घरेलु तथा साना उद्योगसँग सम्बन्धित छाता संगठनहरुसँग समन्वय राखी लघु, घरेलु तथा साना उद्योगहरुलाई प्रविधि विकास सम्बन्धी सेवा उपलब्ध गराउन सहयोग गर्ने,

ख) नयाँ प्रविधि बारे प्रशिक्षण तथा प्रविधि हस्तान्तरणमा सहयोग गर्ने,

ग) नयाँ तथा आधुनिक प्रविधिहरुको बारेमा नियमित प्रकाशन तथा सूचना सम्प्रेषण (Dissemination) गर्ने कार्यको लागि सहयोग गर्ने,

घ) अन्य विविध प्रविधिबारे नियमित रूपमा प्रशिक्षण कार्यक्रम सञ्चालन गराउन आवश्यक सहयोग गर्ने,

ङ) लघु, घरेलु तथा साना उद्योग, उत्पादन तथा उत्पादकत्वलाई प्रशोधित गर्न सामूहिक रूपमा प्रयोग गर्ने गरी नयाँ प्रविधिको स्थापना गर्न अनुदान तथा ऋण सहयोग गर्ने,

•च) नविन प्रविधिको विकास, सिर्जना, उपभोग र प्रविधि हस्तान्तरणलाई बढावा दिन बौद्धिक सम्पत्ति व्यवस्थाको उपयोग तथा क्षमता वृद्धिको लागि सहयोग गर्ने,

•छ) लघु, घरेलु तथा साना उद्योगका लागि उपयोगी हुने नयाँ प्रविधि बारे अध्ययन तथा अनुसन्धानका लागि आवश्यक सहयोग गर्ने ।

२) क्षमता विकास सम्बन्धी कार्यहरु :

क) उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत आवश्यकता सम्बन्धी अध्ययनका आधारमा नयाँ व्यवसाय सिर्जना, उत्पादन, व्यवस्थापन, बजार व्यवस्थापन, लेखा व्यवस्थापन, विक्रयकला •तथा बौद्धिक सम्पत्ति अधिकार जस्ता बिषयहरुमा आवश्यक प्रशिक्षण कार्यक्रमहरु सञ्चालन गर्ने कार्यमा सहयोग गर्ने,

ख) ग्राहकहरुको रुचि एकै प्रकारका वस्तुमा सदैव नहुने तथ्यलाई दृष्टिगत गरी उत्पादित वस्तुहरुको विकास तथा विविधीकरण गर्न वस्तु समूह छनौट गरी त्यस्ता वस्तुको विकास तथा विविधीकरण गर्ने कार्यक्रमहरु कार्यान्वयन गर्न सहयोग गर्ने ,

ग) वस्तु विकासका लागि स्थानीय स्तरमा उपलब्ध श्रोतको पहिचान गरी उक्त श्रोत (कच्चा पदार्थ) बाट तयार हुन सक्ने वस्तु विकास गरी यस्ता वस्तुको बजार प्रवर्द्धन समेत गर्ने कार्यमा सहयोग गर्ने ,

घ) उत्पादकत्व वृद्धि तथा प्रतिस्पर्धी क्षमताको विकासका लागि वस्तुको गुणस्तर विकास, उत्पादकत्व अभिवृद्धि तथा प्रतिस्पर्धी क्षमता विकासका लागि निम्न अनुसारको कार्यक्रम सञ्चालनमा सहयोग गर्ने :-

(१) गुणस्तर विकास कार्यक्रम ।

(२) उत्पादकत्व अभिवृद्धि कार्यक्रम ।

(३) स्वच्छतर उत्पादनका लागि तालिम ।

•(४) बौद्धिक सम्पत्ति अधिकार उपयोग सम्बन्धी कार्यक्रम ।

•(५) श्रम, सीप ।

•ङ) लघु, घरेलु उद्यमहरुको व्यवसाय सिर्जना, प्रवर्धन, पुँजी व्यवस्थापन, उपयुक्त प्रविधि र बजार व्यवस्था आदि बिषयहरुमा आबद्धता बढाई त्यस प्रकारका व्यवसायमा ग्रामीण, पछाडी परेका समूह, जनजाति , मधेसी, महिला एवं न्यून आय भएका वर्गको सहभागिता बढाउने कार्यक्रम संचालनका लागि सहयोग गर्ने ।

३) बजार पहुँच सम्बन्धी कार्यहरु :

(क) लघु, घरेलु तथा साना उद्योगद्वारा उत्पादित वस्तुहरु विक्री गर्न स्थानीय, क्षेत्रीय तथा केन्द्रीयस्तरका विक्री कक्षहरु स्थापना गर्ने कार्यमा सहयोग गर्ने,

(ख) लघु, घरेलु तथा साना उद्योगद्वारा उत्पादित सामानको बजार प्रबर्द्धनको लागि जिल्ला, क्षेत्रीय तथा केन्द्रीय स्तरमा विभिन्न व्यापार मेला तथा प्रदर्शनीको आयोजना गर्ने कार्यमा सहयोग गर्ने ,

ग) विश्व बजारमा स्वदेशी वस्तुहरुको प्रवर्द्धनका लागि निकासीयोग्य गुणस्तरीय वस्तु उत्पादन गर्ने लघु, घरेलु तथा साना उद्यमीहरुलाई अन्तर्राष्ट्रिय व्यापार मेलामा भाग लिने कार्यमा सहयोग गर्ने,

घ) नेपालमा उत्पादित वस्तुहरुको निकासी कुनै एउटा देशमा मात्र सीमित नराखी वस्तु बजार विविधीकरण गर्ने उद्देश्यले कुनै नयाँ देशमा वा राम्ररी बजार स्थापित भई नसकेका मुलुकमा निकासीको सम्भाव्यता अध्ययन गर्ने काममा सहयोग गर्ने ।

४) पूर्वाधार विकासमा संस्थागत टेवा पुऱ्याउने सम्बन्धी कार्यहरु :

(क) इन्कुवेशन केन्द्र (Incubation Center) को स्थापना र संचालन गराउने : नयाँ लघु, घरेलु तथा साना उद्योग स्थापना गर्ने उद्यमीलाई प्राविधिक, व्यवस्थापकीय तथा व्यावहारिक ज्ञान दिन एवं सीपमूलक प्रशिक्षण, कच्चा पदार्थ र लगानी अनुपातको आधारमा वित्तीय सहयोग गर्न तथा उत्पादित वस्तुको बजार प्रबर्द्धन गर्न सहयोग गर्ने र Growth Trap मा परेका लघु, घरेलु तथा साना उद्योगहरुलाई पनि इन्कुबेशन केन्द्रमा राखी Growth Trap बाट निकास दिई प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्ने कार्यमा सहयोग गर्ने ,

• पहिलो संशोधनद्वारा थप

(ख) नेपाल सरकार तथा निजी क्षेत्रको सहकार्यमा स्थापना हुने हस्तकला डिजाइन सेण्टरको भौतिक पूर्वाधार विकासमा आवश्यक सहयोग गर्ने,

*(ग) लघु, घरेलु तथा साना उद्योग ग्रामको भौतिक पूर्वाधार विकास कार्यमा सहयोग गर्ने,

•(घ) लघु, घरेलु तथा साना उद्यमहरुको सृजना, प्रवर्धन एवं विकासमा सहयोग पुग्ने औद्योगिक व्यवसाय केन्द्रहरु (Industrial Business Cluster) को स्थापना गर्न सहयोग गर्ने ।

५) अध्ययन अनुसन्धान तथा सहयोग आदान प्रदान सम्बन्धी कार्यहरु :

क) मुलुकको लघु, घरेलु तथा साना उद्योगको अवस्था सम्बन्धमा बिभिन्न तथ्याङ्क सङ्कलन गर्ने ।

ख) लघु, घरेलु तथा साना उद्योगको प्रविधि विकास, क्षमता विकास, बजार पहुँच तथा अन्य पूर्वाधार विकास सम्बन्धमा आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने ।

ग) लघु, घरेलु तथा साना उद्योगको विकासको लागि सम्बन्धित विदेशी तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसँग सहयोगको आदान प्रदान गर्ने तथा सहकार्य गर्ने ।

•(६) बौद्धिक सम्पत्ति उपयोग र क्षमता विकास सचेतना सम्बन्धी कार्यहरु :

(क) परम्परागत, हस्तकला तथा साना उद्योगहरुबाट उत्पादित वस्तुहरुको क्षमता विकास गर्ने ।

(ख) सृजनात्मक प्रतिभाको विकास गर्ने ।

(ग) औद्योगिक प्रर्वद्धन र सम्वर्द्धन गर्ने ।

(घ) बौद्धिक सम्पति कानुनको जानकारी गराउने ।

८. **कोषको रकम उपलव्ध गराउने प्रक्रिया** : (१ ) समितिले लघु, घरेलु तथा साना उद्योगसँग सम्बन्धित छाता सङ्गठनहरु सँग समन्वय राखी कार्यक्रमहरु तर्जुमा तथा स्वीकृत गर्नुपर्ने छ ।

(२) कोषको रकम विनियम ७ वमोजिमका कार्यहरुसँग सम्बन्धित र समितिबाट स्वीकृत कार्यक्रमको निमित्त मात्र खर्च गरिनेछ ।

(३) विनियम ७ बमोजिमका कार्यसँग सम्बन्धित विषयमा कुनै कार्यक्रम सञ्चालन गर्न चाहने लघु, घरेलु तथा साना उद्योगसँग सम्बन्धित छाता संगठनले समितिले तोकेको तरिका तथा ढाँचा वमोजिम समिति समक्ष आफ्नो कार्यक्रम पेश गर्नु पर्ने छ । त्यसरी पेश भएका कार्यक्रममध्ये समितिले लघु, घरेलु तथा साना उद्योगको प्रविधि विकास, क्षमता विकास, बजार पहुँच तथा अन्य पूर्वाधार विकासमा सबभन्दा बढी योगदान गर्न सक्ने आधारमा कार्यक्रमको छनौट गरी त्यस्तो कार्यक्रमको कार्यान्वयनका लागि रकम उपलव्ध गराउने छ ।

(४) उपविनियम (३) को अधीनमा रही लघु, घरेलु तथा साना उद्योगसँग सम्बन्धित छाता सङ्गठनले समेत लगानी गर्ने कार्यक्रमलाई प्राथमिकता दिनेछ ।

(५) समितिले कार्यक्रम स्वीकृत गरी रकम उपलव्ध गराउँदा आबश्यक शर्त तोकिदिन सक्नेछ र त्यस्तो शर्तको पालना गर्नु कार्यक्रम कार्यान्वयन गर्नु संस्थाको कर्तव्य हुनेछ ।

९ **अनुगमन तथा मूल्याङ्कंन** : (१) समितिले कोषबाट रकम उपलव्ध गराइएको कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कंन गर्नु पर्नेछ ।

---

• पहिलो संशोधनद्वारा थप

*पहिलो संशोधनद्वारा संशोधित

(२) समितिले स्वीकृत गरे वमोजिम कोषको रकमबाट कुनै कार्यक्रम कार्यान्वयन गर्ने संस्थाले समितिले तोकेको तरिका तथा ढाँचा वमोजिम समितिलाई कार्यक्रम कार्यान्वयन सम्बन्धी प्रगति तथा विवरण उपलव्ध गराउनु पर्नेछ ।

(३) समितिले स्वीकृत गरे वमोजिम कोषको रकमबाट कार्यक्रम कार्यान्वयन गर्ने संस्थाले उपयुक्त तरिकाले सो कार्यक्रम कार्यान्वयन नगरेमा वा समितिले तोकेको शर्तको पालना नगरेमा वा समितिलाई उपलव्ध गराउनु पर्ने विवरण उपलव्ध नगराएमा वा राख्नु पर्ने विवरण तथा कागजात दुरुस्त नराखेमा समितिले जुनसुकै समयमा रकम रोक्का गर्न सक्ने छ ।

१०. **समितिको सचिवालय र कर्मचारी सम्बन्धी व्यवस्था** : (१) समितिको सचिवालयको काम घरेलु तथा साना उद्योग विभागले गर्नेछ ।

(२) समितिको सचिवालयको लागि आवश्यक कर्मचारी घरेलु तथा साना उद्योग विभागबाट उपलव्ध गराइनेछ ।

•(३) सचिवालय संचालनको लागि आबश्यक खर्च कोष सञ्चालन तथा व्यवस्थापन समितिले तोके वमोजिम हुनेछ ।

११. **लेखा र लेखा परीक्षण** : (१) समितिको लेखा नेपाल सरकारको स्वीकृत लेखा प्रणाली वमोजिम राखिनेछ ।

(२) आर्थिक वर्षको अन्त्यमा कोषको खातामा रहेको रकम फ्रिज हुने छैन ।

(३) कोषको लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुनेछ ।

•(४) कोषबाट सहयोग रकम तथा अनुदान प्राप्त गर्ने संघ संस्था तथा अन्य निकायहरुले आफूले प्राप्त गरेको रकमको खर्चको विवरणका साथै सो को लेखापरीक्षण नेपाल सरकारबाट इजाजत प्राप्त लेखापरीक्षकबाट गराई समितिमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

*१२. **उपसमिति गठन गर्न सक्ने** : (१) समितिले आफ्नो कार्य सम्पादनका सिलसिलामा आवश्यक उपसमिति गठन गर्न सक्नेछ र त्यस्तो उपसमितिको काम, कर्तव्य र अधिकार तथा कार्यविधि समितिले निर्धारण गरे वमोजिम हुनेछ ।

(२) समितिले आफ्नो कार्य सम्पादन तथा सम्पादनको सिलसिलामा कार्यदल (Task Force) अध्ययन टोली, अनुगमन र निरीक्षण टोली गठन गरी कार्य सञ्चालन गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) वमोजिम गठित टोलीका सदस्यहरुको कार्य सम्पादन वैठक भत्ता समितिले तोके वमोजिम हुनेछ ।

(४) कोषको उद्देश्य अनुरूप कार्यको निरीक्षण आदि कार्य गर्दा प्रचलित आर्थिक नियम अनुसार कोषबाट खर्च व्यहोरिने छ ।

१३. **अधिकार प्रत्यायोजन** : (१) समितिले आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार उपसमिति, समितिको अध्यक्ष, सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) सदस्य सचिवले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार आफ्नो उत्तरदायित्वमा सचिवालयको कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

---

• पहिलो संशोधनद्वारा थप

°१४. **कार्यविधि बनाई लागू गर्ने** : यस विनियमावली तथा अन्य प्रचलित कानुनको अधीनमा रही मन्त्रालयले कार्यविधि बनाई लागू गर्ने छ ।

°१५. **रूपान्तरण** : यस विनियमावलीको ठाउँ ठाउँमा रहेको "श्री ५ को सरकार" भन्ने शब्दहरुका सट्टा " नेपाल सरकार" भन्ने शब्दहरु राखिएका छन् ।

---

° पहिलो संशोधनद्वारा थप

*पहिलो संशोधनद्वारा संशोधित

# लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन

# कार्यविधि, २०६९

**पृष्ठभूमि** – विश्व व्यापार सङ्गठनमा नेपालको प्रवेशसँगै लघु, घरेलु तथा साना उद्योग व्यवसायका क्षेत्रमा थप अवसर र चुनौतीहरू सृजना भएको सन्दर्भमा उद्योगी व्यवसायीहरूलाई छाता संस्थाहरुको समन्वयमा प्रविधि सेवा, क्षमता विकास, बजार पहुँच, उत्पादन विविधीकरण तथा विस्तार अध्ययन, अनुसन्धान जस्ता क्षेत्रहरूमा सहयोग गरी तिनीहरूको कार्य सञ्जाल विस्तार र पूर्वाधार विकासका लागि संस्थागत टेवा पुऱ्याई लघु, घरेलु तथा साना उद्योगको विकासका लागि कार्य गर्न लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन विनियमावली, २०६२ मा भएको व्यवस्थालाई थप प्रष्ट पारी सरल र पारदर्शी ढङ्गले कोष सञ्चालन गर्नु वान्छनीय देखिएकाले यो कोष सञ्चालन कार्यविधि, २०६९ जारी गरिएको छ ।

## परिच्छेद – एक

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन कार्यविधि, २०६९ रहेको छ ।
(२) यो कार्यविधि नेपाल सरकारबाट स्वीकृत भएको मितिदेखि लागू हुने छ ।

**२ परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "कोष" भन्नाले मन्त्रिपरिषदको मिति २०६२।०२।२५ को निर्णयबाट गठित "लघु, घरेलु तथा साना उद्योग विकास कोष" लाई सम्झनु पर्दछ ।

(ख) "विनियमावली" भन्नाले "लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन विनियमावली २०६९" लाई सम्झनु पर्दछ ।

(ग) "कार्यविधि" भन्नाले लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन कार्यविधि, २०६९ लाई सम्झनु पर्दछ ।

(घ) "कोष सञ्चालन तथा व्यवस्थापन समिति" भन्नाले लघु, घरेलु तथा साना उद्योग विकास कोष विनियमावलीको विनियम ३ वमोजिम गठित कोष सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले उद्योग मन्त्रालयलाई सम्झनु पर्दछ ।

(च) "विभाग" भन्नाले घरेलु तथा साना उद्योग विभागलाई सम्झनु पर्दछ ।

(छ) "वस्तु विकास केन्द्र" (Product Development Center) भन्नाले औद्योगिक उत्पादनका क्षेत्रमा कुनै एक खास वस्तु (उत्पादन) को प्रबर्द्धन र विकासका लागि कार्य गर्न आवश्यक प्रविधि, जनशक्ति र पूर्वाधार समेत व्यवस्था गरिएको सुविधासम्पन्न केन्द्रलाई सम्झनु पर्दछ ।

(ज) "हस्तकला डिजाइन केन्द्र" भन्नाले हस्तकलाका सामानहरूको उत्पादन प्रबर्द्धनका लागि विभिन्न डिजाइन तयार गरी वितरण गर्न विकास गरिएको केन्द्रलाई सम्झनु पर्दछ ।

(झ) "घरेलु/हस्तकला उद्योग ग्राम" भन्नाले लघु, घरेलु तथा साना/हस्तकला उद्योगको स्थापना, विकास एवं प्रबर्द्धनको लागि पूर्वाधार सहित व्यवस्था गरिएको सुविधासम्पन्न औद्योगिक क्षेत्रलाई सम्झनु पर्दछ ।

(ञ) "व्यवसायीदेखि व्यवसायीसम्म" (Businessmen to Businessmen-B2B) भन्नाले उत्पादनकर्ता र व्यवसायी बीचको अन्तरसम्बन्ध विकास गरी औद्योगिक उत्पादनको बजार प्रबर्द्धन गर्न सञ्चालन गरिने कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ट) "व्यवसायीदेखि उपभोक्तासम्म" (Businessmen to Consumer-B2C) भन्नाले उत्पादनकर्ता र उपभोक्ता बीचको अन्तरसम्बन्ध विकास गरी औद्योगिक उत्पादनको बजार प्रबर्द्धन गर्न सञ्चालन गरिने कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ठ) "मूल्य शृङ्खला हस्तक्षेप" (Value Chain Intervention ) भन्नाले कुनै पनि वस्तुको उत्पादन देखि उपभोगसम्मको मूल्य शृङ्खलामध्ये मूल्य अभिवृद्धि हुने कुनै एक वा बढी क्रियाकलापहरूमा सुधार ल्याउन गर्नु पर्ने कार्यलाई सम्झनु पर्दछ ।

(ड) "व्यवसाय सम्वर्द्धन केन्द्र" (Business Incubation Centre) भन्नाले नवीन सोंच र विचार भएका क्षमतायुक्त व्यक्तिलाई व्यवसाय सम्बर्द्धन सेवा प्रदान गरी उद्यमीका रूपमा विकास गर्न सञ्चालन गरिने केन्द्रलाई सम्झनु पर्दछ ।

(ढ) "औद्योगिक केन्द्र" (Industrial Cluster) भन्नाले यातायात लगायत अन्य आधारभूत पूर्वाधार उपलब्ध भएको क्षेत्रमा विकसित औद्योगिक केन्द्रलाई सम्झनु पर्दछ ।

(ण) "छाता संस्था" भन्नाले नेपाल उद्योग बाणिज्य महासंघ र यसका जिल्ला संघहरू र नेपाल घरेलु तथा साना उद्योग महासंघ र यसका जिल्ला संघ/शाखाहरूलाई सम्झनु पर्दछ ।

(त) "कोसेली घर" भन्नाले लघु, घरेलु तथा साना उद्यमीहरूलाई आवश्यक पर्ने कोरा माल/कच्चा पदार्थ र मेशिन उपकरणहरू सरल र सहज ढङ्गले उपलब्ध गराउने र उनीहरूका उत्पादन बिक्री गर्ने उद्देश्यले कुनै एक निश्चित स्थानमा उद्यमीहरूद्धारा स्थापना गरिएको औद्योगिक वस्तु खरिद तथा विक्री केन्द्रलाई सम्झनु पर्दछ ।

(थ) "सामुदायिक सेवा केन्द्र" (Community Facility Center) भन्नाले लघु, घरेलु तथा साना उद्यमीहरू आफैले कारखाना स्थापना गरी उत्पादन प्रक्रिया सञ्चालन गर्न सम्भव नभएका ग्रामीण इलाकामा यस्ता उद्यमीहरू भेला भई आ-आफ्ना औद्योगिक वस्तु उत्पादन गर्ने तथा

राज्यका तर्फबाट सेवा सुविधाहरू उपलब्ध गराउन पायक पर्ने गरी स्थापना गरिएको केन्द्रलाई सम्झनु पर्दछ ।

(द) "विशेष कार्यक्रम" भन्नाले निर्धारित प्रक्रियाबाट छनौटमा नपरेका तर उद्योग तथा उद्यमशीलताका क्षेत्रमा सञ्चालन गर्न अत्यावश्यक देखिएका कार्यक्रमहरुलाई सम्झनु पर्दछ ।

## परिच्छेद – दुई

## कोषको पृष्ठभूमि, उद्देश्य र कार्यक्षेत्र

२.१ **पृष्ठभूमिः** निम्न लिखित कुराहरू कोष स्थापनाको पृष्ठभूमिको रुपमा रहेका छन्:

(क) लघु, घरेलु तथा साना उद्योगहरूका छाता संस्थाहरूसँग उद्योग प्रवर्द्धनका लागि कार्य गर्न नियमित स्रोतको अभाव,

(ख) लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धनका लागि लगानी गर्ने छुट्टै कोषको अभाव,

(ग) नेपाल उद्योग बाणिज्य महासंघ र नेपाल घरेलु तथा साना उद्योग महासंघले कोष स्थापनाका लागि गरेको पहल,

(घ) आर्थिक बर्ष २०६१।०६२ को बजेट वक्तव्यबाट कोष गठन गर्ने व्यवस्था र

(ङ) मन्त्रिपरिषद्को मिति २०६२।०२।२५ को निर्णयबाट कोष सञ्चालन विनियमावलीको स्वीकृति ।

२.२ **दूरदृष्टि (**Vision): प्राकृतिक सम्पदामा आधारित, उत्पादनमूलक र स्थानीय सीपमा आधारित सेवामूलक लघु, घरेलु तथा साना उद्योगको प्रबर्द्धनमा सहयोग पुऱ्याई मुलुकको औद्योगिक विकासमा टेवा पुऱ्याउनु कोषको दूरदृष्टि हुनेछ ।

२.३ **परिलक्ष्य** (Mission): लघु, घरेलु तथा साना उद्योगहरूको विकास तथा प्रबर्द्धनका लागि सार्वजनिक र निजी क्षेत्रको साझेदारीमा औद्योगिक पूर्वाधारको विकास, उद्योगहरूमा उपयुक्त प्रविधिको प्रयोग र उत्पादकत्व तथा गुणस्तर अभिवृद्धि गराई यस्ता उद्योगलाई प्रतिस्पर्धी बनाउन र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार पहुँचको विकास गर्न सहयोग पुऱ्याउनु कोषको परिलक्ष्य हुनेछ ।

२.४ **उद्देश्यः** श्रम र सीप भएका, तर पूँजीको अभावले स्थानीय श्रोत, साधन र कच्चा पदार्थको समुचित प्रयोग गर्न नसकेका साना उद्यमीहरुको विकास एवं औद्योगिक प्रवर्द्धन गर्ने मूल उद्धेश्यसहित कोषका उद्धेष्यहरु निम्नअनुसार हुनेछन् :

(क) लघु घरेलु, तथा साना उद्योगसँग सम्बन्धित छाता संस्थाहरूसँग समन्वय गरी लघु घरेलु, तथा साना उद्योगीहरूलाई प्रविधि प्रयोग र विकास सम्बन्धी सेवा उपलब्ध गराउन सहयोग गर्ने ।

(ख) लघु, घरेलु तथा साना उद्योगको क्षमता विकासका लागि आवश्यक प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने गराउने ।

(ग) लघु, घरेलु तथा साना उद्योगका उत्पादनहरूको बजारीकरणका लागि विभिन्न स्तरका बिक्री कक्ष तथा राष्ट्रिय एवं अन्तर्राष्ट्रियस्तरमा औद्योगिक प्रर्दशनी, व्यापार मेलाहरू तथा औद्योगिक अध्ययन र अवलोकन भ्रमण आयोजना गर्न सहयोग गर्ने ।

(घ) नेपाली उत्पादनहरू निकासी गर्न सकिने सम्भावित मुलुकहरूको पहिचान गर्न सहयोग पुऱ्याउने ।

(ङ) व्यवसाय सम्बर्द्धन केन्द्र, घरेलु/हस्तकला उद्योग ग्राम, औद्योगिक केन्द्र जस्ता लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धनका लागि आवश्यक हुने पूर्वाधार विकासका लागि टेवा पुऱ्याउने।

(च) लघु, घरेलु तथा साना उद्योगसँग सम्वन्धित विविध पक्षको अध्ययन/अनुसन्धान गर्ने तथा तथ्याङ्क सङ्कलन, विश्लेषण र वितरण गर्ने।

**२.५ रणनीतिः** कोषका रणनीतिहरू देहाय अनुसार हुनेछन् :

(क) निर्वाहमुखी परम्परागत कृषिलाई औद्योगिक तथा व्यावसायिक कृषिमा रूपान्तरण गर्दै स्वरोजगार तथा व्यापक रोजगारीको अवसर सृजना गर्ने खालका लघु, घरेलु तथा साना उद्योगको स्थापना र प्रबर्द्धनमा सहयोग पुऱ्याउने।

(ख) वन पैदावार, खनिज लगायतका तुलनात्मक लाभका अन्य प्राकृतिक सम्पदामा आधारित स्वरोजगार तथा व्यापक रोजगारीको अवसर सृजना गर्ने खालका लघु, घरेलु तथा साना उद्योगको प्रबर्द्धन र विकासमा सहयोग पुऱ्याउने।

(ग) हस्तकला लगायत प्राकृतिक सम्पदामा आधारित निर्यातजन्य लघु, घरेलु तथा साना उद्योगहरूको प्रबर्द्धनमा सहयोग पुऱ्याउने।

(घ) आयात प्रतिस्थापन गर्ने खालका स्थानीय कच्चा पदार्थ र सीपमा आधारित उत्पादन तथा सेवामूलक लघु, घरेलु तथा साना उद्योगको प्रबर्द्धनमा सहयोग पुऱ्याउने।

(ङ) लघु, घरेलु तथा साना उद्योगको विकासका लागि सम्बन्धित अन्य सरकारी निकायहरू – मन्त्रालय, विभाग, दातृ निकाय र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूसँग उद्यमशीलता विकास, औद्योगिक पूर्वाधार विकास एवं बजार पहुँच विस्तारका लागि समन्वय गरी कार्यक्रम सञ्चालन गर्न सहयोग पुऱ्याउने।

**२.६ कार्यनीतिः** कोषका कार्यनीति निम्नअनुसार हुनेछन् :

(क) लघु, घरेलु तथा साना उद्योगका क्षेत्रमा उपयुक्त प्रविधिको प्रयोगका लागि प्रविधि सूचना, प्रविधि हस्तान्तरण र प्रविधि प्रयोग सम्बन्धी प्रशिक्षण सञ्चालन गरी त्यस्ता उद्योगको उत्पादकत्व बढाउने खालका कार्यक्रमहरूलाई सहयोग गर्ने।

(ख) लघु, घरेलु तथा साना उद्योगहरूलाई उपयुक्त हुने प्रविधिको विकास र अध्ययन अनुसन्धानलाई सहयोग पुऱ्याउने।

(ग) लघु, घरेलु तथा साना उद्योगको चुस्त व्यवस्थापनका लागि आवश्यक हुने उत्पादन व्यवस्थापन, बजार प्रबर्द्धन, लेखा व्यवस्थापन र वित्तीय व्यवस्थापन जस्ता व्यवस्थापकीय विषयहरूमा सञ्चालन हुने प्रशिक्षण कार्यक्रमहरूलाई सहयोग गर्ने।

(घ) उत्पादन विविधिकरण र उत्पादकत्व तथा गुणस्तर अभिवृद्धि गराउन आवश्यक सीप अभिवृद्धि गर्ने खालका कार्यक्रम सञ्चालन गरी उद्यमीहरूलाई प्रतिस्पर्धी बनाउने परियोजनामा सहयोग गर्ने।

(ङ) लघु, घरेलु तथा साना उद्योगका क्षेत्रमा ग्रामीण तथा न्यून आय भएका दलित, जनजाति, मधेशी, अल्पसंख्यक, अपाङ्ग, मुस्लिम समुदाय र महिलाहरूको सहभागिता बढाउन उद्यमी विकास कार्यक्रम सञ्चालन गर्ने।

(च) लघु, घरेलु तथा साना उद्योगको औद्योगिक / बौद्धिक सम्पति संरक्षण गर्न चेतना विकास कार्यक्रम र औद्योगिक सम्पत्ति संरक्षण गर्न सहयोग पुऱ्याउने कार्यक्रम सञ्चालन गर्ने।

(छ) लघु, घरेलु तथा साना उद्योगको उत्पादनको दिगो बजार व्यवस्थापनका लागि सार्वजनिक, निजी र सहकारीको साझेदारीमा स्थानीय, क्षेत्रीय तथा राष्ट्रियस्तरमा बिक्री कक्षहरू (कोसेली घर/सौगातगृह) स्थापना गर्न सहयोग पुऱ्याउने।

(ज) लघु, घरेलु तथा साना उद्योगको उत्पादनको बजारीकरणका लागि जिल्ला, बहुजिल्ला, क्षेत्रीय तथा केन्द्रीयस्तरमा व्यापार मेला तथा औद्योगिक प्रदर्शनी आयोजना गर्न सहयोग पुऱ्याउने,

(झ) लघु, घरेलु तथा साना उद्योगका निर्यातजन्य उत्पादनहरूको अन्तर्राष्ट्रिय बजार विस्तार गर्न अन्तर्राष्ट्रिय व्यापार मेला, सभा, सेमिनार र गोष्ठीमा भाग लिन सहयोग गर्ने ।

(ञ) लघु, घरेलु तथा साना उद्योगको विकासका लागि स्थानीय तथा छाता संस्थाहरूको पहलमा स्थापना हुने घरेलु/हस्तकला उद्योग ग्राम, औद्योगिक केन्द्र, वस्तु विकास केन्द्र र सामुदायिक सुविधा केन्द्रहरू स्थापना गर्न सहयोग गर्ने ।

(ट) लघु, घरेलु तथा साना उद्योगको विकासका लागि व्यवसाय सम्वर्द्धन केन्द्रहरूको स्थापना गर्दै युवा तथा महिलाहरूका लागि रोजगारीको अवसर वृद्धि गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्न सहयोग पुऱ्याउने ।

(ठ) लघु, घरेलु तथा साना उद्योगको विकासका सन्दर्भमा अध्ययन अनुसन्धानमा संलग्न खोज तथा अनुसन्धानकर्ता र विद्यार्थीहरूको खोजपत्र र सोधपत्रका लागि सहयोग गर्ने ।

(ड) मुलुकको लघु, घरेलु तथा साना उद्योगको तथ्याङ्कलाई अद्यावधिक गर्न सञ्चालित कार्यक्रमहरूमा सहयोग पुऱ्याउने ।

(ढ) लघु, घरेलु तथा साना उद्योगको विकासका सन्दर्भमा सञ्चालन हुने विभिन्न स्तरका अन्तर्राष्ट्रिय गोष्ठीहरू नेपालमा सञ्चालन हुने भए त्यस्ता कार्यक्रमलाई सहयोग गर्ने ।

**२.७ कार्यक्षेत्र**: कोषको कार्यक्षेत्र देहायअनुसार हुनेछ :

**(क) प्रविधि विकास**

१) प्रविधि हस्तान्तरण तथा प्रयोगबारे प्रशिक्षण सञ्चालन गर्न सहयोग,
२) नवीन र उपयुक्त प्रविधिबारे सूचना सङ्कलन तथा संप्रेषण,
३) उत्पादकत्व अभिवृद्धि हुने खालको प्रविधि प्रयोगका लागि सहयोग,
४) नवीन प्रविधिको अध्ययन/अनुसन्धानका लागि सहयोग,

**(ख) उद्यमशीलता तथा औद्योगिक सीप विकास,**

१) उद्यमशीलता विकास र औद्योगिक व्यवस्थापन क्षमता अभिवृद्धि,
२) उद्योग सञ्चालनका लागि क्षमता विकास,
३) उत्पादकत्व अभिवृद्धि सम्बन्धी प्रशिक्षण,
४) समावेशी उद्यमी विकास,
५) वस्तु विकास र उत्पादन विविधीकरण,
६) उत्पादकत्व अभिवृद्धि तथा प्रतिस्पर्धी क्षमता विकास,

**(ग) बजार पहुँच सहजीकरण र सञ्जाल विकास**

१) उत्पादित वस्तुको बजार तथा बिक्री प्रबर्द्धनका लागि बिक्री कक्षहरू (कोसेली घर/सौगात गृह) को स्थापना,
२) औद्योगिक प्रदर्शनी तथा व्यापार मेलाको आयोजना,
३) निकासीजन्य उत्पादनको विश्व बजार पहुँचमा सहजीकरण,
४) बजार विकासका लागि सम्भाव्यता अध्ययन र सर्वेक्षण,
५) बजार विकास र प्रबर्द्धन सम्बन्धी प्रशिक्षण,
६) औद्योगिक बौद्धिक सम्पत्ति संरक्षण, उपयोग र क्षमता विकास,

**(घ) औद्योगिक पूर्वाधार विकास**

१) सामुदायिक सेवा केन्द्रहरूको स्थापना,

२) डिजाइन केन्द्र तथा वस्तु विकास केन्द्रका लागि भौतिक पूर्वाधारको विकास,

३) व्यवसाय सम्वर्द्धन केन्द्रको पूर्वाधार विकास र सेवा विस्तार,

४) घरेलु/हस्तकला उद्योग ग्राम तथा औद्योगिक केन्द्रहरूको स्थापना,

**(ङ) औद्योगिक अध्ययन र अनुसन्धान तथा सञ्जाल विकास**

१) औद्योगिक सूचना र तथ्याङ्क व्यवस्था,

२) औद्योगिक प्रवर्द्धन र विकासका लागि अध्ययन /अनुसन्धान ,

३) छाता संस्थाहरूको संस्थागत क्षमता विकास,

४) औद्योगिक सूचना स्रोत केन्द्रको विकास र सञ्चालन,

## २.८ ऋण कार्यक्रम

क) १) रुग्ण उद्योगहरुका लागि ऋण सहयोग,

२) नयाँ प्रविधिका मेसिन औजार खरिद गर्न सहयोग,

३) माथि दफा २.७ को क देखि **ङ** सम्मका कार्यक्रमबाट समेट्न नसकेका कार्यक्रम छाता संस्थाहरुमार्फत सिफारिस सहितको प्रस्ताव पेश हुन आएमा सहयोग,

ख) चालु आ.व. मा खर्च नभएको रकम र लगानी भै फिर्ता आएको साँवा व्याज सोही शीर्षकमा सालवसाली जम्मा हुदै जाने,

उल्लेखित कार्यक्रम सञ्चालन गर्न ऋण कोष निर्देशिका, २०६३ को दफा ११ वमोजिम गरिनेछ ।

## २.९ बौद्धिक सम्पति सञ्चालन र प्रयोग

- लघु घरेलु परम्परागत हस्तकला तथा साना उद्योगहरुबाट उत्पादित वस्तु तथा सेवा सोसँग सम्बन्धित उद्यमीहरुको सृजना लगायतका विषयको बौद्धिक सम्पति संरक्षणको सम्बर्धन, प्रवर्द्धन, उपभोग, विकास र सामूहिक दर्ताका वारेमा कार्यक्रम सञ्चालन गर्ने । यस्ता कार्यक्रमहरु घरेलु तथा साना उद्योग विभागवाट वार्षिक कार्य योजना बनाई समितिबाट स्वीकृत गरी केन्द्र तथा जिल्लाहरुमा सञ्चालन गरिने ।

- औद्योगिक बौद्धिक सम्पति सम्बन्धमा उद्यमीहरुलाई विद्यमान नीतिगत कानुनी, प्रक्रियागत, बिषय, WIPO तथा Trips Agreement सम्बन्धमा सचेतना र जानकारी गराउने ।
- बौद्धिक सम्पतिका रूपमा आफ्नो उत्पादन दर्ता गरेकोमा सो दर्ता गर्दाका बखत लागेको राजस्व सम्वन्धित व्यक्तिलाई फिर्ता दिने ।

# परिच्छेद – तीन
# कोषको सञ्चालन तथा व्यवस्थापन

**३.१ कोषको सञ्चालन तथा व्यवस्थापन:** कोषको सञ्चालन तथा व्यवस्थापनका लागि देहाय अनुसार कोष सञ्चालन तथा व्यवस्थापन समिति रहने छ,-

(क) सचिव, उद्योग मन्त्रालय — अध्यक्ष

(ख) सहसचिव, राष्ट्रिय योजना आयोगको सचिवालय — सदस्य
(ग) सहसचिव, अर्थ मन्त्रालय — सदस्य
(घ) सहसचिव, उद्योग मन्त्रालय — सदस्य
(ङ) अध्यक्ष, नेपाल उद्योग बाणिज्य महासंघ — सदस्य
(च) अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासंघ — सदस्य
(छ) महानिर्देशक, घरेलु तथा साना उद्योग विभाग — सदस्य सचिव

समितिको वैठकमा घरेलु तथा साना उद्योग विकास समितिका कार्यकारी निर्देशकलाई आमन्त्रित सदस्यका रूपमा सहभागी गराइनेछ ।

(समितिले आवश्यकता अनुसार अन्य विषय विज्ञहरूलाई वैठकमा आमन्त्रित गर्न सक्नेछ ।)

३.२ **प्रस्ताव उपसमितिः** कोषमार्फत सञ्चालन हुने कार्यक्रमहरूको छनौट गरी उपयुक्त कार्यक्रमहरू स्वीकृतिका लागि सिफारिस गर्ने विनियमावलीको विनियम १२ मा व्यवस्था भए वमोजिम देहाय अनुसारको कार्यक्रम प्रस्ताव सिफारिस उपसमिति रहनेछ,-

क) महानिर्देशक, घरेलु तथा साना उद्योग विभाग — संयोजक
ख) प्रतिनिधि, नेपाल उद्योग बाणिज्य महासंघ — सदस्य
ग) प्रतिनिधि, नेपाल घरेलु तथा साना उद्योग महासंघ — सदस्य
घ) प्रतिनिधि, उपसचिव, उद्योग मन्त्रालय, औद्योगिक प्रबर्धन शाखा — सदस्य
ङ) निर्देशक, घरेलु तथा साना उद्योग विभाग, — सदस्य सचिव

उपसमितिले आवश्यकता अनुसार विषय विज्ञहरू आमन्त्रित गर्न सक्नेछ ।

३.३ **कोषको सचिवालयः** कोषको सचिवालय घरेलु तथा साना उद्योग विभागमा रहनेछ । कोषको सचिवालयको कार्य सम्पादनमा सघाउ पुऱ्याउन प्रशासनिक खर्चको सीमाभित्र रही रा. प. अनङ्कित द्वितीय श्रेणी सरहको कर्मचारी पद एक र कार्यालय सहयोगी (श्रेणी विहीन) कर्मचारी पद एक सिर्जना गरी काममा लगाइनेछ । निजहरूको पारिश्रमिक कोष सञ्चालन तथा व्यवस्थापन समितिले तोके वमोजिम हुनेछ ।

३.४ **कोषमार्फत् सञ्चालन हुने कार्यक्रमहरूको प्राथमिकताः** कोषमार्फत् सञ्चालन हुने कार्यक्रमहरूको प्राथमिकता निम्नानुसार हुनेछ,-

**(क) प्रविधि विकास – १० प्रतिशत**

१) प्रविधि विकासका लागि अनुदान,
२) उपयुक्त प्रविधि सम्बन्धी सूचना सङ्कलन तथा सम्प्रेषण,
३) प्रविधि अध्ययन/अनुसन्धानमा सहयोग,
४) प्रविधि हस्तान्तरण,

**(ख) उद्यमशीलता तथा औद्योगिक सीप विकास – ३० प्रतिशत**

१) औद्योगिक सीप तथा क्षमता विकास,
२) उत्पादन विविधिकरण सम्बन्धी तालिमहरू,
३) उत्पादकत्व तथा प्रतिस्पर्धी क्षमता विकास,
४) समावेशी उद्यमीहरूको विकास,

५) वातावरण मैत्री उत्पादन,
६) औद्योगिक/बौद्धिक सम्पतिको संरक्षण,
६) गुणस्तर व्यवस्थापन,
७) उद्योगी व्यावसायीहरूको वित्तीय पहुँच विस्तार,
८) विश्व व्यापार संगठन लगायत अन्य द्विपक्षीय र बहुपक्षीय अन्तर्राष्ट्रिय व्यापार सन्धि सम्बन्धी चेतना अभिवृद्धि,
९) कृषि, वन तथा पर्यटन, विकास,

**(ग) बजार पहुँचमा सहजीकरण र संयन्त्र निर्माण –** **१५ प्रतिशत**

१) बिक्री कक्ष, सौगात गृह तथा कोसेली घर स्थापना,
२) औद्योगिक प्रदर्शनीहरू,
३) अन्तर्राष्ट्रिय व्यापार मेला तथा बजार प्रवर्द्धन गोष्ठीहरूमा सहभागिता,
४) इन्टरनेट व्यापार (E-Commerce) र घुम्ती बजारीकरणमा सहयोग,
५) सामूहिक बजार प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरू,
६) बजार विविधिकरण सम्बन्धी अध्ययन तथा अनुसन्धान,
७) मूल्य शृङ्खला हस्तक्षेप (Value Chain Intervention),
८) व्यवसायी–व्यवसायी B2B (Businessmen to Businessmen) र व्यवसायी – उपभोक्ता B2C( Businessmen to Consumer) सम्बन्धी कार्यक्रमहरू ।

**घ) औद्योगिक पूर्वाधारको विकास –** **१० प्रतिशत**

१) सामुदायिक सेवा केन्द्रको स्थापना,
२) वस्तु विकास केन्द्रको स्थापना,
३) व्यवसाय सम्वर्द्धन केन्द्रहरूको स्थापना,
४) घरेलु/हस्तकला उद्योग ग्रामको स्थापना,
५) औद्योगिक केन्द्रको स्थापना ।

**ङ) औद्योगिक अध्ययन, अनुसन्धान तथा सञ्जाल विकास –** **५ प्रतिशत**

१) तथ्याङ्क अद्यावधिकीकरण र सूचना सम्प्रेषण,
२) उद्यमशीलता विकासका विभिन्न पक्षहरूको अध्ययन तथा अनुसन्धान,
३) शोधपत्र लेखनमा सहयोग,
४) अध्ययन तथा अवलोकन भ्रमण,
५) विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रियस्तरका गोष्ठीको आयोजना ।

**च) विशेष कार्यक्रम –** **५ प्रतिशत**

नियमित प्रक्रिया अनुसार प्रस्ताव आह्वान गरी नियमावली तथा कोष सञ्चालन कार्यविधि अनुसार परियोजना छनौट गरी कार्यान्वयन गरिने अवस्था वाहेक पनि उद्योग र उद्यमशीलताका क्षेत्रमा कुनै पनि समयमा विशेष कार्यक्रम सञ्चालन गर्नु पर्ने अवस्था सृजना भएमा समितिद्वारा विशेष कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गरिनेछ । यस्ता विशेष कार्यक्रमहरु जम्मा बार्षिक बजेटको ५ प्रतिशतभन्दा बढी हुने छैन् ।

**छ) अनुगमन र मूल्याङ्कन –** **७ प्रतिशत**

स्थानीय/केन्द्रीयस्तरको सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कनको कार्य छाता संस्थाहरुले सम्पन्न गर्ने छन् ।

**ज) ऋण कार्यक्रम** **७ प्रतिशत**

क) औद्योगिक उत्पादन वृद्धिका लागि विना धितो ऋण ।
ख) छाता संस्थाहरुको क्षमता अभिवृद्धि ।
ग) उद्योग प्रबर्द्धन र बजार पहुँच ।
घ) कोसेली घर तथा उद्योग ग्राम निर्माण ।
ङ) परम्परागत हस्तकला, लघु, घरेलु तथा साना उद्योगीहरुका लागि समूहमा विना धितो ऋण ।

**झ) बौद्धिक सम्पति उपयोग र क्षमता विकास सचेतना** **६ प्रतिशत**

क) परम्परागत, हस्तकला तथा साना उद्योगहरुबाट उत्पादित वस्तुहरुको क्षमता विकास ।
ख) सृजनात्मक प्रतिभाको विकास ।
ग) औद्योगिक प्रवर्द्धन र सम्वर्द्धन ।
घ) बौद्धिक सम्पति कानुनको जानकारी ।

**ञ) कोषको सचिवालयको प्रशासनिक व्यवस्थापन –** **५ प्रतिशत**

१) पूर्वाधार सहितको सचिवालयको व्यवस्थापन,
२) कोष सञ्चालन तथा व्यवस्थापन समिति, प्रस्ताव उपसमिति लगायत अन्य उपसमिति र कार्यदलहरूको वैठक आदि,
३) कार्यक्रम सञ्चालनका सम्बन्धमा कोष व्यवस्थापन समितिबाट गरिने अनुगमन, मूल्याङ्कनका लागि यस शीर्षकबाट खर्च गर्न सकिनेछ ।

**३.५** कोष सञ्चालन तथा व्यवस्थापन समिति, प्रस्ताव उपसमिति लगायत अन्य उपसमिति र कार्यदलका सदस्यहरूको वैठक भत्ता र सुविधाहरू समितिले निर्णय गरे बमोजिम हुनेछ ।

## परिच्छेद - चार

## परियोजना छनौट, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन

४.१ **प्रस्ताव आह्वान :** कार्यविधि स्वीकृत भएपछि कोष सञ्चालन कार्यक्रमका लागि विनियोजित रकम (गत आ.व. मा खर्च नभई वाँकी रहेको समेत) को परिधिभित्र रही प्रत्येक आर्थिक वर्ष भित्र परियोजना प्रस्तावको सार्वजनिक सूचना आव्हान गरिनेछ । यस्तो प्रस्ताव बजेटको परिधिभित्र रही वर्षमा बढीमा २ पटकसम्म गर्न सकिने छ ।

४.२ **प्रस्ताव पेश गर्ने:** देहायका संस्थाहरूले कोषबाट सूचना भएको समय सीमाभित्र प्रस्ताव पेश गर्न सक्ने छन् । यसका लागि छाता संस्थाहरूको सिफारिश समेत संलग्न राखी नेपाल उद्योग बाणिज्य महासंघ अथवा नेपाल घरेलु तथा साना उद्योग महासंघको सचिवालयमा सिधै वा हुलाक/कुरियरमार्फत् समेत पेश गर्न सकिनेछ । घरेलु कार्यालयहरुबाट सिफारिश गरिएकोमा सिधै विभागमा पेश गर्ने छन् ।

क) लघु, घरेलु तथा साना उद्योगसँग सम्बन्धित उद्योगहरूका राष्ट्रिय संघ/महासंघ र तिनका जिल्ला शाखा र जिल्ला संघहरू,

ख) विभिन्न वस्तुगत संघ (Commodity Associations) र तिनका जिल्ला शाखाहरू,

ग) उद्योग र उद्यमशीलताका क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरू,

घ) अध्ययन अनुसन्धानका लागि त्यस्तो कार्यमा संलग्न विद्यार्थी/अनुसन्धानकर्ता/परामर्शदातृ व्यक्ति, संस्था वा कम्पनीहरू ।

परियोजना प्रस्तावको ढाँचा अनुसूची २ मा उल्लेख भएवमोजिम हुने छ ।

ङ) कुनै पनि संघ संगठन वा छाता संस्थाहरुसँग आबद्ध नभएका उद्यमीहरुले जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय/समितिका कार्यालयमार्फत् विवरण समेत राखी प्रस्ताव पेश गर्न सक्ने छन् । यसरी पेश भएका कार्यक्रमहरुको सिफारिश, सम्झौता, अनुगमन, लेखा नियन्त्रण तथा लेखापरीक्षण गर्ने कार्य समेत सम्बन्धित कार्यालय प्रमुखले गर्नेछन् ।

४.३ **प्रस्ताव स्वीकृतिका लागि सिफारिश गर्ने:** सार्वजनिक सूचना मार्फत् आह्वान गरेवमोजिम प्राप्त हुनआएका सवै प्रस्तावहरू सम्बन्धित छाता संस्थाले आफ्नो सिफारिश साथ प्रस्ताव उपसमितिमा पठाउने छन् र प्रस्ताव उपसमितिले मूल्याङ्कन गरी स्वीकृतिका लागि कोष सञ्चालन तथा व्यवस्थापन समितिसमक्ष सिफारिस गर्नेछ । प्रस्ताव मूल्याङ्कनको अङ्कभार अनुसूची ३ मा उल्लेख भए वमोजिम हुनेछ ।

४.४ **प्रस्तावको स्वीकृति:** प्रस्ताव उपसमितिले मूल्याङ्कन गरी पेश गरेका प्रस्तावहरू कोष सञ्चालन तथा व्यवस्थापन समितिले अन्तिम छनौट गरी स्वीकृत गर्ने छ ।

४.५ **परियोजनाको खर्चको सीमा:** कोषको अनुदानमा सञ्चालन हुने परियोजनाका खर्चको सीमा अनुसूची ४ मा उल्लेख भए वमोजिम हुने छ ।

४.६ **परियोजना कार्यान्वयन सम्बन्धी सम्झौता:** : स्वीकृत परियोजनाहरूको कार्यान्वयनका लागि प्रस्ताव पेश गर्ने संस्थासँग छाता संस्था/घरेलु तथा साना उद्योग कार्यालय/समितिहरुले सम्झौता गर्ने छन् । परियोजना स्वीकृति र सम्झौता पश्चात परियोजना सञ्चालनका लागि तोकिएको रकमको ५० प्रतिशत कोषको सचिवालयबाट सम्बन्धित संस्थाको खातामा महासंघ वा घरेलु तथा साना उद्योग कार्यालय/समितिका कार्यालयहरुको सिफारिशमा निकासा दिइने छ । यस्तो रकम कार्यक्रमको प्रकृति र औचित्य हेरी बढीमा ३ किस्तामा हुने र प्रथम किस्ता ५० प्रतिशतभन्दा कम हुने छैन । साथै जिल्लास्थित घरेलु तथा साना उद्योग विभाग/समितिका कार्यालयहरुबाट प्राप्त प्रस्तावहरुको सम्झौता लगायत अन्य प्रशासनिक कार्य सम्बन्धित कार्यालयहरुको हुने छ ।

४.७ **कार्यक्रम सञ्चालनको जानकारी :** परियोजना प्रस्ताव स्वीकृत भै सम्झौता भएको १५ दिन भित्र सम्बन्धित संस्थाहरुले तोकिएवमोजिम कार्यक्रम संचालन गर्नु पर्नेछ । यसरी कार्यक्रम सञ्चालन भएको जानकारी सम्बन्धित छाता संस्था र घरेलु तथा साना उद्योग विभागलाई दिई कार्यक्रम सञ्चालन गर्ने संस्थाले प्रस्तावमा उल्लिखित अवधिभित्र कार्य सम्पन्न गरी पेश्की फछ्र्यौटसहित अन्तिम किस्ताको भुक्तानी माग गर्नुपर्नेछ । परियोजना सञ्चालन गर्ने संस्थाहरुको कार्यक्रमको अनुगमन, नियमन, नियन्त्रण तथा निर्देशन र खर्च भएका रकमहरुको औचित्यसहित लेखापरीक्षण गराउने दायित्व सम्बन्धित संस्थाहरुको हुनेछ । छाता संस्थाहरुबाट हुने अनुगमन कार्यका लागि आवश्यक रकम समितिको वैठकको निर्णय वमोजिम हुने छ ।

४.८ **छाता संस्थाहरुबाट हुने कार्यक्रमको अनुगमन** : परिच्छेद ३ को दफा ६ वमोजिमको अनुगमन सम्बन्धी नियमित अनुगमन छाता संस्था, तिनका वस्तुगत संघ, घरेलु तथा साना उद्योग विभाग र विकास समितिका जिल्लास्थित निकायहरुबाट समेत गराइनेछ । अनुगमनको बेला दिएको निर्देशन पालना गर्ने जिम्मेवारी कार्यक्रम सञ्चालन गर्ने सम्बन्धित संस्थाको हुने छ । कार्यक्रमको किस्ता वा अन्तिम फछ्र्यौट गर्दा ती निकायहरुको सिफारिस अनिवार्य हुने छ । कुनै संस्थाले कार्यक्रम सञ्चालन गर्न रकम बुझी लगी तोकिएको समयमा कार्य सम्पादन नगरेमा वा रकम दुरुपयोग गरेमा त्यस्ता संस्थाहरुको बैंक खाता रोक्का गरी संस्था दर्ता खारेज गर्नेतर्फ कारवाही गरिने छ ।

## परिच्छेद – पाँच
## परियोजना सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन

५.१ **कार्यक्रमको सुपरीवेक्षण:** परियोजनाको सुपरीवेक्षण सम्बन्धित छाता संस्थाका तोकिएका सदस्यहरु र जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय प्रमुखहरुले गर्ने छन् । त्यसरी गरिने सुपरीवेक्षणका लागि अनुसूची ५ मा तोकिए वमोजिमको फाराम प्रयोग गरिने छ ।

५.२ **कार्यक्रमको अनुगमन र मूल्याङ्कन:** परियोजनाको अनुगमन र मूल्याङ्कनका लागि कोष सञ्चालन तथा व्यवस्थापन समितिले अनुगमन वा मूल्याङ्कन गर्न कार्यदल वा कुनै व्यक्तिलाई तोक्न सक्ने छ । यसरी गरिने अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन कोष सञ्चालन तथा व्यवस्थापन समितिमा पेश गरिने छ । यसका लागि अनुसूची ६ र ७ मा उल्लेख भए वमोजिमको फाराम प्रयोग गरिने छ ।

५.३ **कार्यक्रमको प्रतिवेदन:** परियोजना कार्यान्वयन गर्दा सम्बन्धित संस्थाले जम्मा परियोजना अवधिभर दुईपटक प्रतिवेदन बुझाउने छन् । त्यसरी बुझाइने प्रतिवेदन अनुसूची ८ मा उल्लेख भए वमोजिम हुनेछ ।

५.४ **विभिन्न स्रोतबाट प्राप्त रकम कोषमा जम्मा हुने:** नेपाल सरकारको अनुदान सहयोगको अतिरिक्त लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धनका लागि स्वदेशी र विदेशी दाताहरूबाट प्राप्त रकम कोषमा जम्मा गरिनेछ ।

५.५ **वार्षिक कार्यतालिका:** कोषको प्रभावकारी सञ्चालनका लागि प्रत्येक वर्ष वार्षिक कार्यतालिका बनाई कार्यान्वयन गरिने छ ।

**५.६ लेखापरीक्षणः** विनियमावलीको नियम ११ को उपनियम ४ मा व्यवस्था भए अनुसार कोषबाट सहयोग प्राप्त गरेको रकम तथा अनुदान छाता संस्था वा खर्च गर्ने निकायले नेपाल सरकारबाट इजाजत प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराई प्रतिवेदन कोषको सचिवालय घरेलु तथा साना उद्योग विभाग त्रिपुरेश्वरमा कार्तिक मसान्तभित्र पेश गर्नु पर्नेछ ।

## परिच्छेद – छ

## विविध

**६.१ कार्यविधिमा संशोधन** : यस कार्यविधिमा आवश्यक थपघट वा संशोधन गर्नु परेमा मन्त्रालयले गर्न सक्नेछ ।

**६.२ खारेजी र बचाउ** : १) लघु, घरेलु तथा साना उद्योग विकास कोष, कोष संचालन कार्यविधि २०६८ खारेज गरिएको छ ।

२) उपदफा (१) वमोजिम को कार्यविधि वमोजिम भए गरेका काम कारवाहीहरु यसै कार्यविधि वमोजिम भए गरेको मानिने छ ।

## *अनुसूची – १*

परिच्छेद ४ को ४.१ सँग सम्वन्धित

नेपाल सरकार
उद्योग मन्त्रालय,
घरेलु तथा साना उद्योग विभाग
लघु, घरेलु तथा साना उद्योग विकास कोष
त्रिपुरेश्वर, काठमाडौं

**परियोजना प्रस्ताव आह्वानको सूचना**

**(प्रथम पटक सूचना प्रकाशित मिति २०...../....../........)**

लघु, घरेलु तथा साना उद्योग विकास कोषले उद्यमीहरूका संघ/राष्ट्रिय संघ/महासंघ तथा वस्तुगत संघहरू र यिनका जिल्ला शाखा र जिल्ला/स्थानीय संघहरूसँग मिलेर लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन तथा विकासमा काम गर्ने गर्दछ। देशका सबै जिल्ला तथा क्षेत्रहरूमा कार्य गर्ने गरी स्थापना गरिएको यस कोषको कार्यक्षेत्र निम्नानुसार रहेको छ,-

(क) प्रविधि प्रयोग र विकास सम्बन्धी कार्यक्रमहरू,
(ख) औद्योगिक क्षमता विकास सम्बन्धी कार्यक्रमहरू,
(ग) बजार पहुँच विस्तार सम्बन्धी कार्यक्रमहरू,
(घ) पूर्वाधार विकासमा संस्थागत टेवा पु¥याउने कार्यक्रमहरू,
(ङ) अध्ययन, अनुसन्धान तथा सहयोग आदान प्रदान सम्बन्धी कार्यक्रमहरू ।

माथि उल्लिखित कार्यक्षेत्र अन्तर्गत रही सञ्चालन गरिने कार्यक्रमहरू सृजनशील तथा सीप, ज्ञान र नवीनतम प्रबिधि आदिको प्रयोग गरी उद्योग र उद्यमशीलता प्रवर्द्धनमा उपयोगी हुनु पर्नेछ। तसर्थ मुलुकका जुनसुकै जिल्ला वा भौगोलिक क्षेत्रमा उद्यमशीलता तथा उद्योग प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रम सञ्चालनका लागि देहाय वमोजिम योग्यता पुगेका संस्थाहरूबाट प्रस्ताव आव्हान गरिन्छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र निर्दिष्ट ढाँचामा प्रस्ताव पेश गरिसक्नु पर्नेछ।

**आवेदन दिन इच्छुक संस्थामा हुन पर्ने न्यूनतम योग्यताहरू**

(क) प्रचलित कानुन वमोजिम दर्ता भएको,
(ख) कुनै राजनीतिक दल तथा संगठनमा आबद्ध नरहेको,
(ग) कोषको उद्देश्य अनुरूपको कार्यक्रम सञ्चालन गर्ने कुरा सहयोगी संस्थाको विधानमा उल्लेख भएको,
(घ) आय व्यय तथा लेखाको अद्यावधिक विवरण राख्ने व्यवस्था भएको तथा प्रचलित कानुन वमोजिम आन्तरिक लेखा नियन्त्रण तथा स्वतन्त्र लेखापरीक्षण गर्ने व्यवस्था सहित अद्यावधिक लेखापरीक्षण भएको,

(ङ) प्रस्ताव गरे वमोजिमको कार्य सञ्चालन गर्न सम्बद्ध सहयोगी संस्थामा दक्ष जनशक्ति भएको वा त्यस्तो दक्ष जनशक्ति उपलब्ध हुन सक्ने क्षमता प्रमाणित भएको,
(च) आवेदन दिने संस्था धर्म, वर्ण, लिङ्ग, जात, जाति, आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव नगर्ने गरी कार्य गर्न सक्ने सुनिश्चित भएको हुनुपर्ने,
(छ) आवेदक संस्थाले प्रस्ताव पेश गर्न चाहेको कार्यको अनुभव हुनु पर्ने ।

**कार्यक्रमको अवधि:**

कार्यक्रम सञ्चालनको अवधि प्रस्तावमा प्रस्तावित भए वमोजिम बढीमा १ बर्षसम्मको हुनेछ ।

**परियोजना प्रस्ताव:**

प्रस्तावको ढाँचा घरेलु तथा साना उद्योग विभागको वेबसाइट www.dcsi.gov.np घरेलु तथा साना उद्योग महासंघको वेबसाइट www.fncsi.org वा नेपाल उद्योग वाणिंज्य महासंघको वेबसाइट www.fncci.org मा उपलब्ध लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन कार्यविधि, २०६९ र यसको अनुसूची २ बाट उपलव्ध गर्न सकिनेछ । प्रस्तावको ढाँचा कार्यालय समयभित्र नेपाल घरेलु तथा साना उद्योग महासंघ वा नेपाल उद्योग बाणिंज्य महासंघको केन्द्रीय सचिवालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

**प्रमाणित गरी संलग्न गर्नुपर्ने कागजातहरू:**

प्रस्ताव पेश गर्दा परियोजना प्रस्तावको ढाँचामा उल्लिखित सम्पूर्ण विवरण लगायत निम्नानुसारको थप प्रमाणित कागजात पनि संलग्न गर्नु पर्नेछ,-
क) संस्थाको दर्ता नवीकरण गरिएको प्रमाणपत्रका प्रतिलिपि,
ख) PAN/VAT दर्ताको प्रतिलिपि,
ग) संस्थाको विधान भए सोको प्रतिलिपि,
घ) गत आर्थिक वर्ष सम्मको लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि,
ङ) संस्थाले जिल्लामा गरेको कार्य अनुभव पुष्टि हुने कागजातको प्रतिलिपि (दातृ निकायसँग भएको सम्भौता, सम्बन्धित गा.वि.स./जि.वि.स. बाट कार्य अनुभवको सिफारिस) ।

**परियोजना प्रस्ताव छनौट विधि तथा अङ्कभार :**

यस सम्बन्धी विस्तृत विवरण माथि उल्लिखित वेबसाइटहरूमा उपलव्ध लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन कार्यविधि, २०६९ तथा यसको अनुसूची ३ मा हेर्न सकिनेछ ।

**प्रस्ताव बुझाउने ठेगाना**

| | |
|---|---|
| नेपाल घरेलु तथा साना उद्योग महासंघ<br>केन्द्रीय कार्यालय<br>माइतीघर हाइट, काठमाडौ, नेपाल<br>पो.व.नं. ६५३०<br>फोन: ४२२२७५१, ४२६९८१७<br>फ्याक्स: ४२१५६०२<br>इमेल: fncsi@ntc.net.np<br>वेबसाइट: www.fncsi.org | नेपाल उद्योग बाणिंज्य महासंघ<br>केन्द्रीय कार्यालय<br>पचली, टेकू, काठमाडौं<br>पो.व.नं. २६९<br>फोन: ४२६२०६१, ४२६२२१८<br>फ्याक्स: ४२६१०२२<br>इमेल: fncci@mos.com.np<br>वेबसाइट: www.fncci.org |

जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयहरु मार्फत सिफरिस भै पेश हुने प्रस्तावहरु घरेलु तथा साना उद्योग विभागमा दर्ता गर्न सकिनेछ ।

*अनुसूची – २*

परिच्छेद ४ को ४.२ सँग सम्बन्धित

नेपाल सरकार
उद्योग मन्त्रालय,
घरेलु तथा साना उद्योग विभाग
लघु, घरेलु तथा साना उद्योग विकास कोष
त्रिपुरेश्वर, काठमाडौँ

## परियोजना प्रस्तावको ढाँचा

### भाग १ - संस्थागत विवरण

क) संस्थाको नामः
ख) ठेगाना
टेलिफोनः पोष्ट वक्स नं.:
ईमेलः वेबसाइटः
ग) संस्था दर्ता भएको मिति, स्थान र दर्ता नं.:
घ) संस्थाको व्यावसायिक तथा कानुनी आबद्धताः
ङ) नवीकरण मितिः
च) सम्पर्क व्यक्तिको नामः.............................. पदः .............................
छ) संस्थागत उद्देश्यः
ज) निर्णय प्रक्रिया (संस्थामा निर्णय कसरी गरिन्छ र कार्यान्वयन कसरी हुन्छ?)

### भाग २ - परियोजनाको छोटो विवरण

क) परियोजनाको नामः
ख) उद्देश्यगत कार्यक्षेत्रः ....................................................
(प्रविधि विकास, क्षमता अभिवृद्धि, बजार पहुँच, औद्योगिक पूर्वाधारको विकास, अध्ययन, अनुसन्धान तथा कार्य सञ्जाल विस्तार)
ग) परियोजनाको भौगोलिक कार्यक्षेत्रः
घ) जम्मा परियोजना बजेटः
ङ) कोषमा माग गरिएको रकमः
च) परियोजनाको अवधिः
छ) परियोजनाको सारांश (बढीमा २ पेज)

## भाग ३ - परियोजनाको विस्तृत विवरण

क) परियोजनाको पृष्ठभूमि र आवश्यकताः
ख) परियोजनाको उद्देश्यः
ग) परियोजनाबाट प्राप्त हुने अपेक्षित उपलब्धि
(उत्पादकत्व वृद्धि, बजार पहुँच, रोजगार सृजना, आय आर्जन, सीप तथा क्षमता अभिवृद्धि, प्रविधि हस्तान्तरण तथा पहिचान आदि)

| क.स. | क्रियाकलापहरू | अपेक्षित परिणाम | सूचक |
|---|---|---|---|
| | | | |
| | | | |

घ) परियोजना क्रियाकलापहरूका कार्यान्वयन विधिहरू
ङ) लक्षित समूह (महिला, जनजाति, दलित, मधेशी, मुस्लिम समुदाय, अल्पसंख्यक, अपाङ्ग भएका व्यक्ति, पिछडिएको क्षेत्र आदि)
च) जोखिम (परियोजना कार्यान्वयनका क्रममा प्रभाव पार्न सक्ने बाह्य तत्वहरू)
छ) परियोजनाको दिगोपना (वातावरणीय प्रभाव, स्थानीय साझेदारी, अनुसरण योग्य जस्ता कुराहरू पनि समेटिनु पर्ने)।
ज) परियोजना अनुगमन र मूल्याङ्कन सम्बन्धी व्यवस्था
झ) कार्य योजना

| क.स. | क्रियाकलापहरू | मिति र समय अवधि (हप्ता वा महिना) | | | | | | | | जिम्मेवार | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

ञ) संस्थागत क्षमता
(१) संस्थागत अनुभव (संस्थाबाट पहिले कार्यान्वयन भएका मुख्य परियोजनाहरू – मिति, अवधि, दाता, लक्षित समूह आदि – बढीमा ५ वटा मात्र)
(२) संस्थागत पूर्वाधार (कार्यालय, कार्यालय सामग्रीहरू, संस्थागत नीति, नियमहरू, जस्तैः कर्मचारी नियमावली, आर्थिक प्रशासन नियमावली, सवारी साधनहरू, तालिम हल तथा सामग्रीहरू आदि)
(३) मानव स्रोत – संचालक/कार्य समितिका पदाधिकारी र कर्मचारी (समावेशी, महिला, दलित, जनजाति, मधेसी, मुस्लिम समुदाय, अपाङ्ग भएका व्यक्ति आदि)
ट) संस्थाको बैंक खाता भएमा खाता नं. र बैंकको नाम

ठ) प्रस्तावित परियोजनाको बजेट

| क.स. | विवरण | परिमाण | दर | जम्मा | संस्थाको | माग गरिएको |
|---|---|---|---|---|---|---|

| | | | | बजेट | योगदान | रकम |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

ड) सिफारिश गर्ने संस्था

(१) नेपाल उद्योग बाणिंज्य महासंघ

(२) नेपाल घरेलु तथा साना उद्योग महासंघ

सिफारिश गर्नेको:

नामः

पदः

मितिः

संस्थाको छापः

प्रस्ताव पेश गर्ने:

संस्थाको नामः ठेगानाः

आधिकारिक व्यक्तिको नामः पदः

हस्ताक्षरः मितिः

संस्थाको छापः

## *अनुसूची – ३*

परिच्छेद ४ को ४.३ सँग सम्बन्धित
नेपाल सरकार
उद्योग मन्त्रालय,
घरेलु तथा साना उद्योग विभाग
लघु, घरेलु तथा साना उद्योग विकास कोष
त्रिपुरेश्वर, काठमाडौं

### कार्यक्रम स्वीकृतिका आधार र प्रस्ताव छनौटका लागि अङ्कभार

१ कोषका कार्यनीति तथा कोषका प्राथमिकताहरू, परियोजना छनौटका प्रमुख आधार हुने छन् ।

२ छाता संस्थाहरूको सिफारिसलाई अनिवार्य गरिने र सिफारिश नभएका प्रस्तावहरूलाई छनौट प्रक्रियामा समावेश गरिने छैन । यस प्रयोजनका लागि छाता संस्था नेपाल उद्योग बाणिंज्य महासंघ र नेपाल घरेलु तथा साना उद्योग महासंघ वा तिनका जिल्ला संघहरू वा जिल्ला शाखाहरूको सिफारिस मान्य हुनेछ ।

३ पेश हुन आएका प्रस्तावहरूको मूल्याङ्कनका लागि प्रस्ताव आह्वान फाराममा उल्लेख भएका बुँदामा अङ्कभार दिई छनौट गरिनेछ । परियोजना प्रस्तावको अङ्कभार देहायबमोजिम हुनेछ :

**क) सस्थागत क्षमताः** **३० अङ्क**

**१. उद्यमशीलता र कार्यअनुभव, –** **१० अङ्क**

(क) उद्यमशीलताका क्षेत्रमा ५ वटा भन्दा बढी परियोजना कार्यान्वयन गरेकोमा – ५ अङ्क, वा
उद्यमशीलताका क्षेत्रमा ३ वटा सम्म परियोजनाहरू कार्यान्वयन गरेको भए – ३ अङ्क, वा
प्रस्तावित परियोजनासँग प्रत्यक्ष सम्बन्धित नदेखिएका, तर कार्यान्वयन भएका परियोजनाहरू कार्यान्वयन गरेकोमा प्रति परियोजना एक अङ्कका दरले बढीमा – २ अङ्क

(ख) कार्य अनुभवतर्फ प्रति वर्ष १ अङ्कका दरले बढीमा – ५ अङ्क

**२. पूर्वाधार तथा वित्तीय क्षमता–** **(५+५) १०**

**पूर्वाधारतर्फ**

क) कार्यालय सामग्रीहरू (कम्प्युटर, प्रिन्टर, फ्याक्स, टेबल, कुर्सी, दराज आदि) सहितको नियमित कार्यालय सञ्चालन हुने आफ्नै संरचना भएको भए – ५ अङ्क वा

ख) आफ्नै संरचना नभएको तर कार्यालय सञ्चालनका लागि पर्याप्त कोठासहित कार्यालय सामग्रीहरु भएको भए – ४ अंक वा

ग) कार्यालय मात्र भएको तर कार्यालय सामग्रीहरू आवश्यकता अनुसार नभएको भए –३ अङ्क वा

घ) कार्यालय पनि नभएको भए – २ अङ्क

**वित्तीय क्षमतातर्फ**

क) विगत २ वर्षको लेखापरीक्षणको प्रतिवेदन भए – २ अङ्क वा

ख) एक वर्षको लेखापरीक्षण भएको भए – १ अङ्क

ग) कार्यालय व्यवस्थापनका विनियमहरू (आर्थिक तथा कर्मचारी प्रशासन नियमावली) भएको भए – २ (१+१)अङ्क

घ) वार्षिक बजेट स्वीकृत गरी सञ्चालन गरेको भए – १ अङ्क

**३. मानव स्रोत, –** **१० अङ्क**

क) प्रस्तावित परियोजना सम्बन्धी दक्ष जनशक्ति (संयोजक, लेखापाल र प्रशिक्षकहरू - सम्बन्धित विषयमा अध्ययन गरेको/सम्बन्धित तालिम प्राप्त गरेको तथा सम्बन्धित क्षेत्रमा अनुभव प्राप्त) संस्थामा कार्यरत भएमा – १० अङ्क वा

ख) प्रस्तावित परियोजनाका लागि आवश्यक जनशक्तिमध्ये संस्थासँग आंशिक जनशक्ति मात्र भई बाँकी बाहिरबाट लिने भए – ८ अङ्क वा

ग) परियोजना सञ्चालनका लागि सबै जनशक्ति बाहिरबाट लिनु पर्ने भए – ५ अङ्क

**(ख) परियोजना प्रस्तावनाः** **७० अङ्क**

**१. सृजनशीलता (Innovation) –** **२० अङ्क**

क) हालसम्म कसैले प्रयोग नगरेको र विभागलाई समेत मार्ग दर्शनमा सहयोगी हुने गरी नयाँ विचार भए – २० अङ्क वा

ख) हालसम्म कसैले प्रयोग नगरेको नयाँ कार्यान्वयन विधि भए – १५ अङ्क वा

ग) हालसम्म प्रयोग भई सफलता हासिल गरेको विचार र कार्यान्वयन विधि मिश्रित भए – १२ अङ्क वा

घ) प्रयोग भइरहेको विचार र विधि भए – १० अङ्क

**२. लागत सहभागिता, –** **१० अङ्क**

क) तुलनात्मक रूपमा कम मूल्यमा बढी उपलब्धी हासिल हुने देखिएमा – ४ अङ्क

ख) कार्यान्वयन गर्ने संस्थाको पनि निश्चित प्रतिशत लगानी हुने भए – ३ अङ्क

ग) कार्यान्वयनका लागि साझेदारको प्रस्ताव गरिएको भए – ३ अङ्क

**३. दिगोपना, –** **१० अङ्क**

क) दिगोपनाका लागि भरपर्दो संरचनाको व्याख्या गरिएको भए बढीमा – ३ अङ्क

ख) दिगोपनाका लागि स्थानीय स्रोतको प्रयोगको भरपर्दो विकल्प प्रस्तुत गरेको भए बढीमा – ३ अङ्क

ग) दिगोपनाका लागि स्थानीय निकायजस्तै गा.वि.स., जि.वि.स. वन उपभोक्ता समूह आदिको लिखित प्रतिबद्धता आएको भए बढीमा – ४ अङ्क

**४. अनुसरण गर्न मिल्ने –** **१० अङ्क**

क) सजिलैसँग अन्य ठाउँमा पनि गर्न मिल्ने देखिएमा – १० अङ्क वा

ख) अन्य ठाउँमा पनि गर्न सकिने, तर अलिक बढी खर्च हुने देखिएमा – ८ अङ्क वा

ग) अन्य ठाउँमा प्रयोग गर्न मिल्ने, तर संरचना लगायत धेरै कुराको सुधार गर्नु पर्ने भए – ६ अङ्क

**५. समावेशी / समतामूलक, –** **१० अङ्क**

क) कम्तीमा पनि कुनै एक वर्ग जस्तैः महिला, दलित, जनजाति, दुर्गम, मधेसी, अपाङ्ग भएका व्यक्ति, अल्पसंख्यकलाई मध्यनजर गरी परियोजना तयार गरिएको भए – ४ अङ्क वा

ख) कम्तीमा पनि कुनै दुई वर्ग जस्तैः महिला, दुर्गम, दलित, मधेसी, अपाङ्ग भएका व्यक्ति, अल्पसंख्यकलाई मध्यनजर गरी परियोजना तयार गरिएको भए – ७ अङ्क वा

ग) कम्तीमा पनि कुनै तीन वर्ग जस्तैः महिला, दुर्गम, दलित, मधेसी, अपाङ्ग भएका व्यक्ति, अल्पसंख्यकलाई मध्यनजर गरी परियोजना तयार गरिएको भए – १० अङ्क

**६. वातावरणमैत्री –** **१० अङ्क**

क) वातावरणलाई असर नगर्ने देखिएमा – ४ अङ्क वा

ख) वातावरणलाई असर गर्छ भन्ने खासै प्रमाण नदेखिएमा – ६ अङ्क वा

ग) वातावरण संरक्षणमा केही योगदान गर्छ भन्ने ठहरिएमा – ८ अङ्क वा

घ) वातावरण संरक्षणमा महत्वपूर्ण योगदान गर्छ भन्ने ठहरिएमा – १० अङ्क

## ७ विविध

१) परियोजना प्रस्ताव छनौट गर्दा न्यूनतम ६५ प्रतिशत अङ्क प्राप्त गर्ने संस्थालाई छनौट गर्न सकिनेछ ।

२) दुर्गम क्षेत्र भनिएका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने परियोजनाको स्वीकृति वा पास अंक ५० प्रतिशत अङ्क कायम गरिनेछ ।

३) परियोजना छनौट गर्दा एउटा संस्थालाई सामान्यतया एक पटकमा एउटा भन्दा बढी परियोजना प्रस्ताव स्वीकृत गरिनेछैन ।

४) प्रति परियोजना अधिकतम रकम रु ३ लाख भन्दा बढी हुनेछैन ।

५) कुनै संस्थाद्वारा कुनै एक उद्देश्यको परियोजना एक गाँउ विकास समितिको एक स्थानमा संचालन गर्न स्वीकृत भई सकेपछि सोही प्रकृतिको अर्को परियोजना सोही गाँउ विकास समितिमा स्वीकृत गरिनेछैन ।

६) सार्वजनिक पद धारण गरेका व्यक्तिद्धारा सञ्चालित संस्थाद्वारा पेश गरिएको परियोजना स्वीकृत गरिनेछैन ।

## *अनुसूची – ४*

परिच्छेद ४ को ४.५ सँग सम्बन्धित

नेपाल सरकार
उद्योग मन्त्रालय,
घरेलु तथा साना उद्योग विभाग
लघु, घरेलु तथा साना उद्योग विकास कोष
त्रिपुरेश्वर, काठमाडौं

**कोष सञ्चालनको लागि खर्चका सीमा**

लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालनका लागि देहायका सीमाभित्र रही खर्च गर्न सकिने छ :

**(क) प्रविधि विकास सम्बन्धी कार्यक्रमहरू**

(१) प्रविधि हस्तान्तरण – प्रति समूह ५ लाख र प्रति उद्यमी बढीमा – रु. २५ हजार (सम्बन्धित वस्तुगत संघमार्फत् प्राप्त हुने प्रस्तावका आधारमा)
(२) प्रविधि विकास – प्रति प्रविधि बढीमा – रु. १० लाख ।

**(ख) औद्योगिक सीप तथा क्षमता विकास सम्बन्धी कार्यक्रमहरू**

(१) सीप विकास तालिमका लागि प्रमुख प्रशिक्षकलाई प्रति दिन बढीमा एक हजार पाँच सय र सहायक प्रशिक्षकलाई बढीमा दैनिक एक हजार,
(२) क्षमता अभिवृद्धि सम्बन्धी गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम - कार्यपत्र प्रस्तोतालाई बढीमा - रु ५ हजार, सहजकर्तालाई बढीमा - रु ४ हजार, सत्राध्यक्षलाई बढीमा - रु ४ हजार, टिप्पणीकर्तालाई बढीमा - रु ३ हजार ( दुई जनासम्मलाई )
(३) औद्योगिक सीप विकास तालिम प्रतिव्यक्ति बढीमा – रु १० हजारसम्म खर्च गर्न सकिने ।
(४) सीप विकास तालिमका लागि कम्तीमा १५ र बढीमा २० जना व्यक्तिको समूह हुनु पर्नेछ ।
(५) गोष्ठी तथा अन्तरक्रियाका लागि सहभागी – कम्तीमा २५ र बढीमा आवश्यकता अनुसार ।
(६) प्रतिवेदन लेखन प्रति विषय रु. २ हजार बढीमा २ जनासम्मलाई

**(ग) बजार पहुँच विस्तार सम्बन्धी कार्यक्रमहरू**

(१) औद्योगिक प्रदर्शनीका लागि ( बजेटको परिधिभित्र रही अधिकतम् )

क) राष्ट्रियस्तर - प्रति प्रदर्शनी बढीमा रु १२ लाख, (कम्तीमा ४५ जिल्लालाई समेटी सञ्चालन गरिने राष्ट्रियस्तरको औद्योगिक प्रदर्शनीलाई राष्ट्रियस्तरको आद्योगिक प्रदर्शनी भनिने छ । कोषबाट बार्षिक एउटा मात्र राष्ट्रिय औद्योगिक प्रदर्शनीको लागि सहयोग उपलब्ध गराइने छ । )

ख) क्षेत्रीयस्तर - बढीमा रु ५ लाख, (हाल प्रचलित प्रशासनिक विभाजन अनुसार विकास क्षेत्र भनी छुट्ट्याइएका क्षेत्रमा सञ्चालन गरिने औद्योगिक प्रदर्शनीलाई क्षेत्रीय औद्योगिक प्रदर्शनी भनिने छ । यस्ता प्रदर्शनीहरुमा सम्बन्धित विकास क्षेत्रका कम्तीमा दुई तिहाई जिल्लाहरुबाट

उद्यमीहरुको सहभागिता हुनु पर्नेछ । क्षेत्रीय प्रदर्शनीहरुलाई सहयोग गर्दा प्रति विकास क्षेत्र बर्षमा एक पटक र आयोजक जिल्ला हरेक बर्ष बेग्लाबेग्लै हुनु पर्नेछ ।

ग) जिल्लास्तर - बढीमा रु १ लाख ५० हजार,

घ) बहुजिल्ला - प्रति थप जिल्ला रु. २५ हजार (बढीमा थप ३ जिल्ला दोहोरो नपर्ने गरी) ।

उल्लेखित रकम प्रत्येक ३ आर्थिक वर्षको फरकमा मात्र दिइनेछ ।

**(घ) पूर्वाधार विकासमा संस्थागत टेवा पुऱ्याउने कार्यक्रमहरू**

(१) कोसेली घर सञ्चालनको लागि अनुदान (विउपुँजी) – बढीमा रु २ लाख,

(२) सामुदायिक सेवा केन्द्र स्थापना तथा सञ्चालन – बढीमा रु २ लाख ५० हजार,

(३) वस्तु विकास केन्द्र/हस्तकला डिजाइन केन्द्र स्थापना तथा सञ्चालन – बढीमा रु १० लाख,

(४) औद्योगिक केन्द्र वा घरेलु/हस्तकला उद्योग ग्राम स्थापना – बढीमा रु २५ लाख,

(५) सिल्पकला बिक्री भण्डार अन्तर्गतका पुराना भौतिक संरचनाहरूको नियमित मर्मत सम्भार – रु. १ लाख ५० हजारसम्म खर्च गर्न सकिने ।

(ङ) **अध्ययन, अनुसन्धान तथा सहयोग आदान प्रदान सम्बन्धी कार्यक्रमहरू**

(१) औद्योगिक अध्ययन, अनुसन्धान तथा बौद्धिक सम्पति सचेतना सम्बन्धी पुस्तिका– प्रति अध्ययन बढीमा रु १ लाख

(२) अध्ययन तथा अवलोकन भ्रमण प्रति भ्रमण राष्ट्रिय – बढीमा रु १ लाख र अन्तर्राष्ट्रिय – बढीमा रु. ५ लाख । (नेपाल सरकार, मन्त्रालयस्तरीय स्वीकृतिमा )

## *अनुसूची – ५*

परिच्छेद ५ को ५.१ सँग सम्बन्धित

नेपाल सरकार
उद्योग मन्त्रालय,
घरेलु तथा साना उद्योग विभाग
लघु, घरेलु तथा साना उद्योग विकास कोष
त्रिपुरेश्वर, काठमाडौँ

**परियोजना सुपरीवेक्षण फाराम**
**(सुपरीवेक्षकले भर्ने)**

क) परियोजनाको नामः
ख) कार्यान्वयन गर्ने संस्थाः
ग) विनियमावलीले व्यवस्था गरे अनुरूपको परियोजनाको विषयगत कार्यक्षेत्रः
……………………
घ) सिफारिस गर्ने संस्थाः
ङ) परियोजना स्थलः
च) जम्मा परियोजना बजेटः
(१) कोषबाट उपलब्ध गराइएको बजेटः
(२) संस्थाबाट भएको लगानीः
(३) अन्य स्रोतबाट भएको लगानीः
छ) परियोजना सुरु मितिः
ज) परियोजना सम्पन्न मितिः
झ) बजेट उपलब्ध गराइएको मिति र रकमः
(१) प्रथम किस्ताः
(२) दोश्रो किस्ताः
(३) तेश्रो/अन्तिम किस्ताः
ञ) परियोजना क्रियाकलापहरू र प्रगति (परियोजनाको सुपरीवेक्षण गर्दा भर्ने र तत्कालै पेश गर्ने)
:

| क.स. | प्रमुख क्रियाकलापहरू | अपेक्षित परिणाम | हालसम्मको खर्च | वास्तविक परिणाम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

ट) परिचालित स्रोतहरूः

| क.स. | भौतिक स्रोतहरू | | | मानवीय स्रोत | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | नाम | उद्देश्य | परिमाण | नाम | योग्यता | कार्य | |
| | | | | | | | |
| | | | | | | | |

ठ) परियोजना कार्यान्वयनका क्रममा देखिएका समस्याहरू र सिफारिसहरू:

| क.स. | वास्तविक समस्या | समाधानका विकल्पहरू | समाधानका लागि गरिएका प्रयासहरू | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

ड) यसभन्दा अगि गरिएका सुपरीवेक्षण (कुनै छन् भने ) :

| क.स. | सुपरीवेक्षकको नाम, पद र संस्था | सुपरीवेक्षणको मिति | सुपरीवेक्षणको क्रममा दिइएका सुझावहरू | सुझाव कार्यान्वयन गर्न गरिएका प्रयासहरू |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

ढ) परियोजना प्रमुखको भनाइ:
(१) परियोजनाको आवश्यकता र सान्दर्भिकता:
(२) बजेट:
(३) व्यवस्थापन पक्ष:
(४) अन्य सहभागीहरूको प्रतिक्रिया:

ण) परियोजना प्रमुख
(१) नाम:
(२) संस्था:
(३) पद:
(४) कार्य अनुभव:
(५) संलग्न अवधि:

त) फिल्ड सुपरीवेक्षणबाट पाइएका महत्वपूर्ण कुराहरू:

| क.स. | प्रमुख क्रियाकलापहरू | मुख्य उपलब्धी | बलियो पक्ष | सुधार्नुपर्ने | कैफियत |
|---|---|---|---|---|---|

| | | | | कुराहरू | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

थ) फिल्ड सुपरीवेक्षकका सुझावहरू:

(१)

(२)

(३)

(४)

(५)

द) सुपरीवेक्षकको

नाम:

पद:

हस्ताक्षर:

सुपरीवेक्षण मिति:

प्रतिवेदन बुझाएको मिति:

## *अनुसूची – ६*

परिच्छेद ५ को ५.२ सँग सम्बन्धित

नेपाल सरकार
उद्योग मन्त्रालय,
घरेलु तथा साना उद्योग विभाग
लघु, घरेलु तथा साना उद्योग विकास कोष
त्रिपुरेश्वर, काठमाडौँ

**परियोजना मूल्याङ्कन फाराम (सञ्चालन पद्धति)**

६.१ छाता संस्थाको नाम (परियोजना र सम्वन्धित परियोजना कार्यान्वयन गर्ने संघ/संस्था):

क) प्रविधि विकास
   १)
   २)

ख) क्षमता अभिवृद्धि
   १)
   २)

ग) बजार पहुँच
   १)
   २)

घ) औद्योगिक पूर्वाधारको विकास
   १)
   २)

ङ) अध्ययन, अनुसन्धान तथा कार्यसञ्जाल विस्तार
   १)
   २)

च) बजेटको रकम भुक्तानी
   १) एकैपटक भुक्तानी
   २) दुई किस्ता
   ३) तीन किस्ता

छ) परियोजना कार्यान्वयन गर्ने संघ/संस्था छनौटका आधारहरू
   १)
   २)

ज) सुपरीवेक्षण पद्धति

१) कार्यदल तथा उप समितिद्वारा
२) तोकिएका कर्मचारीहरूद्वारा
३) परामर्श दाताद्वारा
४) कार्यसमितिका पदाधिकारीहरूद्वारा

झ) परियोजना कार्यान्वयन गर्दा र सम्पन्न भइसकेपछि देखिएका समस्याहरू
(परियोजना कार्यान्वयन गर्दा)
१) मुख्य समस्याहरू:
२) समस्याका कारणहरू:
३) समाधानका उपायहरू:
(परियोजना सम्पन्न भइसकेपछि)
१) मुख्य समस्याहरू:
२) समस्याका कारणहरू:
३) समाधानका उपायहरू:

| क.स. | परियोजनको नाम | मिति | | अपेक्षित परिणाम | परिणाम सूचकहरू | वास्तविक परिणाम | सुझाव |
|---|---|---|---|---|---|---|---|
| | | शुरु | समाप्त | | | | |
| | | | | | | | |
| | | | | | | | |

ञ) सुझावहरू
१) सबल पक्षहरू:
२) सुधार्नु पर्ने पक्षहरू:
३) चुनौतीहरू:
४) सम्भावनाहरू:

ट) मूल्याङ्कनकर्ता
नाम:
पद:
हस्ताक्षर:
मिति र अवधि:
प्रतिवेदन बुझाएको मिति:

## *अनुसूची – ७*

परिच्छेद ५ को ५.२ सँग सम्बन्धित

नेपाल सरकार
उद्योग मन्त्रालय,
घरेलु तथा साना उद्योग विभाग
लघु, घरेलु तथा साना उद्योग विकास कोष
त्रिपुरेश्वर, काठमाडौँ

**परियोजना मूल्याङ्कन फाराम**
**(कार्य सम्पादन)**

क) परियोजनाको नामः
ख) कार्यक्षेत्र
    १) प्रविधि विकास
    २) क्षमता अभिवृद्धि
    ३) बजार पहुँच
    ४) औद्योगिक पूर्वाधारको विकास
    ५) अध्ययन, अनुसन्धान तथा कार्यसञ्जाल विस्तार

ग) कार्यान्वयन गर्ने संस्थाः
घ) सिफारिस गर्ने संस्थाः
ङ) परियोजना स्थलः
च) जम्मा परियोजना बजेट
    १) कोषबाट उपलब्ध गराइएको बजेटः
    २) संस्थाबाट भएको लगानीः
    ३) अन्य स्रोतबाट भएको लगानीः
छ) प्रस्तावित परियोजना सुरु मितिः
ज) खास परियोजना सुरु मितिः
झ) परियोजना सम्पन्न मितिः
ञ) खास परियोजना सम्पन्न भएको मितिः
ट) परियोजना कार्यान्वयन गर्दा र सम्पन्न भइसकेपछि देखिएका समस्याहरू
(परियोजना कार्यान्वयन गर्दा)
    १) मुख्य समस्याहरूः
    २) समस्याका कारणहरूः
    ३) समाधानका उपायहरूः
(परियोजना सम्पन्न भइसकेपछि)
    १) मुख्य समस्याहरूः
    २) समस्याका कारणहरूः

३) समाधानका उपायहरू:

ठ). प्रमुख उपलब्धिहरू:

| क.स. | मुख्य क्रियाकलापहरू | सम्पन्न मिति | अपेक्षित उपलब्धि | उपलब्धि सूचकहरू | वास्तविक उपलब्धि | उपलब्धि नहुनाका कारणहरू |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

ड) सुझावहरू

१. सबल पक्षहरू:
२. सुधार्नु पर्ने पक्षहरू:
३. चुनौतीहरू:
४. सम्भावनाहरू:

ढ) मूल्याङ्कन कर्ता

नाम:

पद:

हस्ताक्षर:

मिति र अवधि:

प्रतिवेदन बुझाएको मिति:

## *अनुसूची – ८*

परिच्छेद ५ को ५.३ सँग सम्बन्धित

नेपाल सरकार
उद्योग मन्त्रालय,
घरेलु तथा साना उद्योग विभाग
लघु, घरेलु तथा साना उद्योग विकास कोष
त्रिपुरेश्वर, काठमाडौँ

### परियोजना प्रतिवेदन

### भाग १ - संस्थागत विवरण

क) संस्थाको नामः
ख) ठेगाना
टेलिफोनः पोष्ट वक्स नं.ः
इमेलः वेबसाइटः
ग) संस्था दर्ता भएको मिति, स्थान र दर्ता नं.ः
घ) संस्थाको व्यावसायिक तथा कानुनी आबद्धताः
ङ) नवीकरण मितिः
च) सम्पर्क व्यक्तिः
छ) संस्थागत उद्देश्यः
ज) व्यवस्थापन रणनीति (संस्थामा निर्णय कसरी गरिन्छ र कार्यान्वयन कसरी हुन्छ?)ः

### भाग २ - परियोजनाको छोटो विवरण

क) परियोजनाको नामः
ख) कार्यक्षेत्र
१) प्रविधि विकास
२) क्षमता अभिवृद्धि
३) बजार पहुँच
४) औद्योगिक पूर्वाधारको विकास
५) अध्ययन, अनुसन्धान तथा कार्यसञ्जाल विस्तार
ग) परियोजनाको भौगोलिक कार्यक्षेत्रः
घ) जम्मा परियोजना बजेटः
ङ) कोषमा माग गरिएको रकमः
च) परियोजनाको अवधिः
छ) परियोजनाको सारांशः

## भाग ३ - परियोजना प्रतिवेदनको विस्तृत विवरण

क) परियोजनाको पृष्ठभूमि र आवश्यकताः
ख) परियोजनाको लक्ष्य तथा उद्देश्यः
ग) परियोजनाको वास्तविक उपलब्धि (उत्पादकत्व वृद्धि, बजार पहुँच, रोजगार सृजना, आय आर्जन, सीप तथा क्षमता अभिवृद्धि आदि):

| क.स. | क्रियाकलापहरू | अपेक्षित परिणाम | सूचक | वास्तविक परिणाम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

घ) परियोजना क्रियाकलापहरूको कार्यान्वयन विधिहरूः
ङ) लक्षित समूह (व्यावसायिक संलग्नता, महिला, जनजाति, दलित, मधेशी, अपाङ्ग भएका व्यक्ति, मुस्लिम समुदाय आदि):
च) जोखिम (परियोजना कार्यान्वयनको क्रममा प्रभाव पार्न सक्ने बाह्य तत्वहरू):
छ) परियोजनाको दिगोपनाः
ज) परियोजना अनुगमन र मूल्याङ्कन सम्बन्धी व्यवस्थाः
झ) परियोजना कार्यान्वयनका झलकहरूः उद्घाटन, क्रियाकलापहरू, समापन आदिः
ञ) लेखापरीक्षण प्रतिवेदनः
ट) सफल कथाहरू वा घटना अध्ययनः
ठ) फोटोहरू, डकुमेन्ट्री वा परियोजना सफल भएका दृश्य सामग्रीहरूः

प्रतिवेदन बुझाउने
संस्थाको नामः
ठेगानाः
आधिकारिक व्यक्तिको नामः
पदः
हस्ताक्षरः
मितिः
संस्थाको छापः